| अनुगमन सूचक | नतिजा प्रकाशन,लाभान्वित विद्यार्थी संख्या |

### १.३० उच्च शिक्षा दलित छात्रवृत्ति

| | |
|---|---|
| क्रियाकलाप संकेतः ७.२.५.१६ | खर्च शिर्षकः २७२११ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश भित्रका दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुग्ने गरी शिक्षामा समावेशी र सहभागितामुलक पहुँच स्थापित गर्ने प्रयोजनका लागि प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम । |
| उद्देश्य | दलित विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चित गर्नु |
| अपेक्षित प्रतिफल | दलित विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चित भएको हुनेछ |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय / सामाजिक विकास कार्यालय |
| सञ्चालन प्रकृया | प्रदेश सरकारबाट स्वीकृत एकीकृतछात्रवृति वितरण तथा व्यवस्थापन कार्यविधि अनुसार वितरण गर्ने । |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | दोस्रो/तेस्रो र चौथोत्रैमासिक |
| सन्दर्भ सामग्री | प्रचलित ऐन कानून |
| अनुगमन सूचक | छात्रबृत्ति छनौटको मापदण्ड ।नतिजा प्रकाशन ।लाभान्वित विद्यार्थी संख्या । |

### १.३१ उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति

| | |
|---|---|
| क्रियाकलाप संकेतः ७.२.५.१७, | खर्च शिर्षकः २७२११ |
| परिचय | कर्णाली प्रदेश भित्रका अपाङ्गता भएका बिद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुग्ने तथा शिक्षामा समावेशी र सहभागितामुलक पहुँच स्थापित गर्ने प्रयोजनका लागि प्रदेश सरकारबाट संचालित कार्यक्रम रहेको छ । |
| उद्देश्य | अपाङ्गता भएका बिद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चित गर्नु |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चित भएको हुनेछ |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय / सामाजिक विकास कार्यालयहरू |
| सञ्चालन प्रकृया | प्रदेश सरकारबाट स्वीकृत एकीकृतछात्रवृति वितरण तथा व्यवस्थापन कार्यविधि अनुसार वितरण गर्ने । |
| बजेट बाँडफाट | PLMBISअनुसार |
| समय अवधि | तेस्रो र चौथोत्रैमासिक |
| सन्दर्भ सामग्री | संघीय सरकार र प्रदेश सरकारका प्रचलित ऐन कानून, योजना दस्तावेज |
| अनुगमन सूचक | छात्रबृत्ति छनौटको मापदण्ड, नतिजा प्रकाशन, लाभान्वित विद्यार्थी संख्या । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## १.३२ उच्च शिक्षा सिमान्तकृत तथा लोपुन्मुख वर्ग छात्रवृत्ति

| क्रियाकलाप संकेतः ७.२.५.१५ | खर्च शिर्षकः २७२११ |
|---|---|

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका सिमान्तकृत तथा लोपुन्मुख वर्गका विद्यार्थीको लागि उच्च शिक्षाअध्ययनको अवसर सुनिश्चित गर्नका लागि प्रदेश सरकारबाट सञ्चालित छात्रवृत्ति कार्यक्रम । |
| उद्देश्य | कर्णाली प्रदेशका सिमान्तकृत तथा लोपुन्मुख वर्गका विद्यार्थीको लागि उच्च शिक्षाअध्ययनका लागि सहायता प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका सिमान्तकृत तथा लोपुन्मुख वर्गका विद्यार्थीले उच्च शिक्षा प्राप्त गरेका हुनेछन् |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • प्रदेश सरकारबाट स्वीकृत एकीकृतछात्रवृति वितरण तथा व्यवस्थापन कार्यविधि अनुसार वितरण गर्ने ।<br>• जिल्ला स्थित सामाजिक विकास कार्यालयबाट छात्रवृत्तिका लागि आवेदन फारम संकलन गर्ने। |
| बजेट बाँडफाट | PLMBISअनुसार |
| समय अवधि | दोस्रो र तेस्रो त्रैमासिक |
| सन्दर्भ सामग्री | प्रचलित ऐन कानून, योजना दस्तावेज। |
| अनुगमन सूचक | छात्रवृत्ति छनौटको मापदण्ड । नतिजा प्रकाशन । लाभान्वित विद्यार्थी संख्या । |

## १.३३ परम्परागत/धार्मिक रुपमा सञ्चालित विद्यालय अनुदान कार्यक्रम (सबै जिल्लाका सबै परम्परागत/धार्मिक विद्यालयहरु)

| क्रियाकलाप संकेत: विभिन्न | खर्च शिर्षक : २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय: | परम्परागत/धार्मिक रुपमा सञ्चालित विद्यालयहरुमा आवश्यक जनशक्ती/सामग्री व्यवस्थापन/ भौतिक संरचनात्मक सुधारका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो । |
| उद्देश्य: | परम्परागत/धार्मिक रुपमा सञ्चालित विद्यालयहरुमा आवश्यक जनशक्ती/सामग्री व्यवस्थापन/ भौतिक संरचनात्मक सुधारका लागि अनुदान उपलब्ध गराउनु । |
| अपेक्षित प्रतिफल: | परम्परागत/धार्मिक रुपमा सञ्चालित विद्यालयहरुमा आवश्यक जनशक्ती/सामग्री व्यवस्थापन/ भौतिक संरचनात्मक सुधार हुनेछ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | शिक्षा विकास निर्देशनालय / सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया: | • सम्बन्धित विद्यालयको वि.व्य.स. को निर्णय र सम्बन्धित वडाको सिफारिस सहित अनुदानका लागि प्रस्ताव माग गर्ने।<br>• प्रस्ताव बमोजिम खाद्यान्न व्यवस्थापन/सामग्री व्यवस्थापन/जनशक्ती/भौतिक संरचनात्मक सुधारका कार्यहरु गर्नका लागि कार्यालय र विद्यालयबीच सम्झौता गरी एकमुष्ठ अनुदान रकम विद्यालयलाई उपलब्ध गराउने।<br>• विद्यालयले प्राप्त गरेको रकम प्रचलित कानुन बमोजिम खर्च गर्ने, लेखा राख्ने तथा अन्तिम लेखा परीक्षण गराउने। खर्चको विल भर्पाईको एक प्रति तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनको एक प्रति निर्देशनालय/ सामाजिक विकास कार्यालयमा पेश गर्ने।<br>• आवश्यकता अनुसार मन्त्रालय अनुगमन गर्ने गराउने |
| समया अवधि : | पहिलो त्रैमासिक । |
| बजेट बाँडफाट: | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री: | - प्रचलित ऐन,नियम<br>- सार्वजनिक खरिद ऐन नियमावली |
| अनुगमन सूचक: | अनुदान निकासा पत्र। |

### १.३४ अन्तर प्रदेश अनुभव आदान प्रदान भ्रमण कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.१३.४४४ | खर्च शिर्षक : २२५२२ |
| परिचय: | विभिन्न प्रदेशमा भएका राम्रा अभ्यासहरुको अनुभव लिई कार्यसम्पादनमा प्रभावकारीता ल्याउन सिकाई आदानप्रदान गर्न । |
| उदेश्य: | कार्यसम्पादनमा प्रभावकारीता ल्याउने । |
| अपेक्षित प्रतिफल: | सिकाई आदान प्रादन भई कार्यसम्पादनमा प्रभावकारीता आउने । |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | शिक्षा विकास निर्देशनालय सुर्खेत |
| सञ्चालन प्रकृया: | - स्थान, मिति र सहभागी छनौट गर्ने,<br>- सम्बन्धीत प्रदेश तथा कार्यालय संग समन्वय गरी भ्रमण तालिका तयार गर्ने<br>- अवलोकन अनुभव आदान प्रदान र अन्तरक्रिया<br>- प्रतिवेदन गर्ने |
| समया अवधि: | पहिलो त्रैमासिक। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाट: | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री: | - प्रचलित ऐन,नियम,कानुन |
| अनुगमन सूचक: | प्रतिवेदन,तस्विरहरु। |

**१.३५ कक्षा कोठाभित्र शिक्षण सिकाई सुधारका लागि संयुक्त अनुगमन (संघ,प्रदेश र स्थानीय तह)**

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.८.१.६८ | खर्च शिर्षक : २२६११ |
| परिचय: | कर्णाली प्रदेशका सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धी अभिवृद्धि गर्नका लागि कमजोर नतिजा भएका विद्यालयहरुको स्थानीय,प्रदेश र संघका कर्मचारीहरुबाट संयुक्त अनुगमन निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्न संचालित कार्यक्रम। |
| उदेश्य: | सामुदायिक विद्यालयको शैक्षिक उपलब्धीमा वृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल: | सामुदायिक विद्यालयहरुको शिक्षण सिकाईमा सुधार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया: | शिक्षा विकास निर्देशनालय/सामाजिक विकास मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई ,स्थानीय तहसँग समन्वय गरी जिल्लास्तर/ पालिकास्तरमा शैक्षिक उपलब्धी कमजोर भएका विद्यालयहरुको शैक्षिक सूचकका आधारमा अनुगमन,निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने । |
| समया अवधि : | दोश्रो र तेस्रो त्रैमासिक । |
| बजेट बाँडफाट: | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री: | -शिक्षक निर्देशिका, तहगत पाठ्पठ्यक्रम ।<br>-अनुगमन फाराम, शैक्षिक सूचक आदि । |
| अनुगमन सूचक: | संयुक्त अनुगमन, निरीक्षण प्रतिवेदन, तस्विरहरु |

## २. सामाजिक क्षेत्रः

**सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिकतर्फका क्रियाकलापहरुः**

**२.१ महिला उद्यमी पुरस्कार प्रदान कार्यक्रम**

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७. २५.६९९ | खर्च शिर्षकः२२५२२ |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | महिलाले सञ्चालन गरेका उद्यमलाइ प्रोत्साहन गर्ने उदेश्यले एक जिल्ला एक महिला उद्यमी लाई सम्मान गरी अन्य महिलाहरुलाई समेत हौसला र प्रेरणा प्रदान गरी उद्यमशिल बन्न प्रेरित गर्ने उदेश्य स्वरुप राखिएको कार्यक्रम हो । |
| उद्देश्य | महिला उद्यमीलाइ उद्यममा सम्मान प्रदान गरी प्रोत्साहन र आर्थिक सशक्तीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | आर्थिक रुपमा सक्षम भएका हुनेछन् ।<br>व्यवसाय/ उद्यम सञ्चालनमा निरन्तरता भएको हुनेछ ।<br>महिलाहरु रोजगारीमा संलग्न भएका हुनेछन् ।<br>उद्यमीले समाजमा सम्मान प्राप्त गरेका हुनेछन्। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | महिला उद्यमी पुरस्कार वितरण कार्यविधि २०८१ अनुसार कार्यान्वयन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाँट रु हजारमा | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रदेश सरकार खर्च मापदण्ड २०८२, महिला उद्यमी पुरस्कार वितरण कार्यविधि २०८१ । |
| अनुगमन सूचक | बैठकको निर्णय, कार्ययोजना, कार्य सम्पन्न प्रतिवेदन । |

## २.२ प्रदेशस्तरीय लैससास सम्पर्क व्यक्तिहरुका लागि क्षमता विकास कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२५.५४४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरीय लैससास सम्पर्क व्यक्तिहरुका लागि क्षमता विकास गरी प्रभावकारी रुपले कार्यसम्पादन गर्न आवश्यक रहेको छ । |
| उद्देश्य | प्रदेशस्तरीय लैससास सम्पर्क व्यक्तिहरुका लागि क्षमता विकास गर्नु । |
| अपेक्षित प्रतिफल | प्रदेशस्तरीय लैससास सम्पर्क व्यक्तिहरुको क्षमता विकास भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • प्रदेशस्तरीय लैससास सम्पर्क व्यक्तिहरु तथा अन्य सरोकारवालाहरुका लागि कार्ययोजना बनाइ तालिम, गोष्ठी, अन्तरप्रदेश भ्रमण लगायतका क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि | पहिलो दोस्रो तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | बैठक हाजिरी, वैठक निर्णय, प्रतिवेदन |

**२.३ अपाङ्गता रोकथाम तथा पुनः स्थापना लागत साझेदारी (संघ, प्रदेश र स्थानीय तह)**

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२२.२६८२<br>क्रियाकलाप संकेतः- २.७.२२.७३३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अपाङ्गता भएका व्यक्तिहरुको शारिरिक अङ्ग र वातावरण प्रतिकुलताका कारण दैनिक जीवनयापन कठिन भएका व्यक्तिको दैनिकिलाई सहज बनाई मर्यादित र सहज जीवनयापनका लागि सहयोग गर्ने हेतुले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। |
| उद्देश्य | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना गर्नु।<br>अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनलाई सहज बनाउनु। |
| अपेक्षित प्रतिफल | अपाङ्गता रोकथाम तथा पुनस्थापना भएको हुनेछ।<br>अपाङ्गता भएका व्यक्तिहरुले सहायक सामग्री प्राप्त गरेका हुनेछन्। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालय/सामाजिक विकास कार्यालय र स्थानीय तहहरु |
| सञ्चालन प्रकृया | अपाङ्गता रोकथाम तथा पुनः स्थापना साझेदारी कार्यक्रमका लागि संघीय तथा प्रदेशको कार्यविधि अनुसार सञ्चालन गरिनेछ। |
| सञ्चालनअवधी | पहिलो दोस्रो तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBISअनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | कार्ययोजना, निर्णय, प्रतिवेदन। |

**२.४ महिला तथा बालबालिका तथा स्वास्थ्य क्षेत्रमा संचालन गरिने कार्यक्रम**

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२२.२६०३ | खर्चशिर्षकः२२५२२ |

**यस अन्तरगत तपसील बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ।**

**क) मनोसामाजिक कार्यकर्ताका लागि तालिम सामग्री निर्माण तथा प्रकाशन**

| | |
|---|---|
| परिचय | लैङ्गिक हिंसा, विपद्, मानसिक तनाव, बाल संरक्षण तथा अन्य सामाजिक समस्याबाट प्रभावित व्यक्तिहरूलाई गुणस्तरीय मनोसामाजिक सेवा उपलब्ध गराउन मनोसामाजिक कार्यकर्ताका लागि तालिम सामग्री निर्माण, प्रकाशन तथा प्रयोगमा ल्याउन यो कार्यक्रम सञ्चालन गरिनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | मनोसामाजिक कार्यकर्ताका लागि तालिम सामग्री तयार गरी प्रकाशन तथा वितरण गर्ने।<br>मनोसामाजिक सेवाको गुणस्तर तथा एकरूपता अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • मनोसामाजिक कार्यकर्ताका लागि तालिम सामग्री निर्माण तथा प्रकाशित भएको हुने।<br>• तालिम सञ्चालनमा एकरूपता र सेवाको गुणस्तरमा सुधार आएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालनप्रकृया | • कार्यदल बनाई तालिम सामग्रीको मस्यौदा तयार गर्ने।<br>• सामग्री प्रकाशन तथा वितरण गर्ने। |
| अवधि | दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित नियमानुसार, |
| अनुगमन सूचक | बैठक निर्णय, उपस्थिति र स्रोत सामग्री पुस्तिका |

**ख)बालविवाहको रणनीतिक योजना कार्यान्वयनका लागि स्थानीय सरकारसगँको संयुक्त कार्ययोजना निर्माण र अभिमुखीकरण**

| | |
|---|---|
| परिचय | बाल विवाह अन्त्यका लागि कर्णाली प्रदेशले बाल विवाह अन्त्य सम्बन्धी रणनीति,२०८२ निर्माण गरी उक्त नीति कार्यान्वयन गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको छ। |
| उद्देश्य | • स्थानीय तहसगँको समन्वयमा बाल विवाह अन्त्य सम्बन्धी रणनीति,२०८२ मा भएका व्यवस्थाहरुबारे जानकारी गराउने।<br>• कर्णाली प्रदेशका स्थानीय तहहरुमा यो रणनीति कार्यान्वयनका लागि संयुक्त कार्ययोजना निर्माण गर्ने। |
| अपेक्षित प्रतिफल | • कार्ययोजना निमार्ण र अभिमुखीकरण सञ्चालन भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना बनाउने<br>• कार्ययोजना बमोजिम कार्यक्रम सञ्चालन गर्ने<br>• प्रतिवेदन |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

**ग) लैङ्गिक हिंसा अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी रुपान्तरण प्रशिक्षक प्रशिक्षण पुनर्ताजकी तालिम**

| | |
|---|---|
| परिचय | लैङ्गिक हिंसा अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी रुपान्तरण प्रशिक्षक प्रशिक्षण लिएका व्यक्तिहरुलाई पुनर्ताजगी तालिम सञ्चालन गर्न यो कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | प्रशिक्षक प्रशिक्षण पुर्नताजगी तालिम सञ्चालन भई रुपान्तरण कक्षा सञ्चालन भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण गर्ने,<br>• कार्ययोजना बमोजिम प्रशिक्षकहरुलाई पुर्नताजगी तालिम सञ्चालन गर्ने,<br>• तालिम प्याकेज बमोजिम प्रशिक्षक प्रशिक्षण प्राप्त गरेका वा केही नयाँलाई समेत सहभागी गराउने।<br>• प्रतिवेदन गर्ने<br>• स्थानीय तहहरुसँग समन्वय गरी कार्यक्रम समेत संचालन गर्न सकिने। |
| सञ्चालन गर्ने अवधी | पहिलो, दोस्रो, तेस्रो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत जारी भएको रुपान्तरण तालिम मोड्युल । |
| अनुगमन सूचक | • अभिमूखीकरण कार्यक्रमका सहभागिहरुको उपस्थित रेकर्ड, कार्यक्रम सम्पन्न प्रतिवेदन, कक्षा सञ्चालन तालिका र फोटोहरु । |

**घ)सामाजिक विकास कार्यालयहरुसँग समन्वय बैठक, योजना निर्माण तथा समीक्षा बैठक संचालन**

| | |
|---|---|
| परिचय | मन्त्रालय तथा मातहतका कार्यालयले सञ्चालन गर्ने कार्यक्रम सम्बन्धी सामाजिक विकास कार्यालय र शिक्षा विकास निर्देशनालयसँग आवश्यकतानुसार बैठक बसी कार्यसम्पादन गर्नुपर्ने कार्यक्रमहरु प्रभावकारी रुपमा सम्पन्न गर्न समन्वय, योजना तथा समिक्षा बैठक बस्ने। |
| उद्देश्य | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयले सम्पादन गर्ने कार्यक्रमहरु प्रभावकारी रुपमा सम्पादन गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयले सम्पादन गर्ने कार्यक्रमहरु बिचमा प्रभावकारी समन्वय तथा समबुझाई हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना बनाई आवश्यकता अनुसार समन्वय वैठक सञ्चालन तथा व्यवस्थापन गर्ने<br>• निर्णय कार्यान्वयन, फलोअप र प्रतिवेदन तयार गर्ने |
| सञ्चालन गर्ने अवधी | प्रथम, दोस्रो,तेस्रो र चौथो त्रैमासिक |
| बजेट बाँडफाँड रु हजारमा | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ |
| अनुगमन सूचक | बैठकको निर्णय, अनुगमन प्रतिवेदन । |

**ङ)बालविवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी तथा अभिभावक रुपान्तरण कार्यक्रम:** यस कार्यक्रमको कार्यान्वयन प्रकिया क्रियाकलाप संकेत नं २.७.२५.६९५ बमोजिम हुनेछ।

### २.५ वालविवाह अन्त्यका लागि प्रादेशिक रणनीतिको अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.७१३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | बाल विवाह अन्त्यका लागि कर्णाली प्रदेशले जारी गरेको बाल विवाह अन्त्य सम्बन्धी रणनीति,२०८२ कार्यान्वयन गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको छ। |
| उद्देश्य | स्थानीय तहसगँको समन्वयमा बाल विवाह अन्त्य सम्बन्धी अन्तरक्रिया सञ्चालन गर्नु। |
| अपेक्षित प्रतिफल | बालविवाह हुने दरमा कमी भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना बनाउने,<br>• कार्ययोजना बमोजिम अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रतिवेदन गर्ने । |
| सञ्चालन अवधी | पहिलो, दोस्रो ,तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

### २.६ लैङ्गिक हिंसा अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी रुपान्तरण प्रशिक्षक प्रशिक्षण पुनर्ताजकी तालिम



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| क्रियाकलाप संकेतः- २.७.२५.७०४ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | लैङ्गिक हिंसा अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी रुपान्तरण प्रशिक्षक प्रशिक्षण लिएका व्यक्तिहरुलाई पुनर्ताजगी तालिम सञ्चालन गर्न यो कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | प्रशिक्षक प्रशिक्षण पुर्नताजगी तालिम सञ्चालन भई रुपान्तरण कक्षा सञ्चालन भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण गर्ने,<br>• कार्ययोजना बमोजिम प्रशिक्षकहरुलाई पुर्नताजगी तालिम सञ्चालन गर्ने,<br>• तालिम प्याकेज बमोजिम प्रशिक्षक प्रशिक्षण प्राप्त गरेका वा केही नयाँलाई समेत सहभागी गराउने।<br>• प्रतिवेदन गर्ने<br>• स्थानीय तहहरुसँग समन्वय गरी कार्यक्रम समेत संचालन गर्न सकिने। |
| सञ्चालन गर्ने अवधी | पहिलो, दोस्रो, तेस्रो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत जारी भएको रुपान्तरण तालिम मोड्युल । |
| अनुगमन सूचक | • अभिमूखीकरण कार्यक्रमका सहभागिहरुको उपस्थित रेकर्ड, कार्यक्रम सम्पन्न प्रतिवेदन, कक्षा सञ्चालन तालिका र फोटोहरु । |

**२.७ बालविवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी तथा अभिभावक रुपान्तरण कार्यक्रम**

| क्रियाकलाप संकेतः- २.७.२५.६९५ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | किशोर किशोरीहरुको समग्र विकासका लागि उनीहरुको अधिकारको संरक्षण र सम्बर्द्धन गर्न स्वस्थ र सुरक्षित वातावरण, शिक्षा, जिवनोपयोगी सीप, सामाजिक एवम् वित्तिय सीप, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण, नागरिक संलग्नता लैङ्गिक समानता. समावेशीकरण जस्ता सवालहरुको सम्वोधन गर्नुका साथै ज्ञान सीप अभिवृद्धि गर्न साथै अभिभावकहरुलाई किशोरकिशोरीमैत्री व्यवहार प्रवर्द्धन गर्न यो कार्यक्रम कार्यान्वयन गरिने छ। |
| उद्देश्य | अभिभावकको सहयोग सहित किशोर किशोरीहरुलाई आत्मविश्वास एवम् |



तथ्याङ्क अधिकृत
उप-सचिव
प्रदेश सचिव
मा. मन्त्री

| | |
|---|---|
| | जिवनोपयोगी सीपको माध्यमबाट समग्र विकासमा सहयोग पुऱ्याउदै सशक्तीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | • किशोरकिशोरीको आत्मविश्वाश, निर्णय लिने क्षमता एवम् व्यवहारिक जिवनका उपयोगी सीपहरुमा अभिवृद्धि भएको हुनेछ ।<br>• रुपान्तरणकारी शिक्षामार्फत किशोरकिशोरी सशक्तीकरण भएर समाजमा परिवर्तन संवाहकको रुपमा परिचालित भई बालविवाह अन्त्यका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुनेछ ।<br>• किशोरकिशोरीहरुमा शारिरिक मानसिक परिवर्तन र त्यसले मनोविज्ञानमा पर्ने असर र त्यसलाई सकारात्मक रुपान्तरण गर्ने ज्ञान सिपको विकास भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय/ शिक्षा विकास निर्देशनालय/सामाजिक विकास कार्यालय |
| सञ्चालन प्रकृया | • युनिसेफ/ सामाजिक विकास महाशाखा संगको समन्वयमा कार्ययोजना निर्माण गर्ने।<br>• कार्यक्रम कार्यान्वयन गर्ने निकायले कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह छनौट गर्ने।<br>• स्थानीय तहसँगको समन्वयमा सहभागी, रुपान्तरण कक्षा सञ्चालन हुने स्थान र सहजकर्ता छनौट गरी प्रशिक्षक प्रशिक्षणमा सहभागी गराउने।<br>• रुपान्तरण कक्षा सञ्चालन गर्ने।<br>• मन्त्रालय, सामाजिक विकास कार्यालय र स्थानीय तहबाट नियमित अनुगमन र पृष्ठपोषण गर्ने।<br>• नियमित प्रतिवेदन पेश गर्ने।<br>• यो कार्यक्रम सञ्चालनमा स्थानीय तहले समेत साझेदारी गर्न सक्नेछन्। |
| सञ्चालन गर्ने अवधी | पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत जारी भएको रुपान्तरण तालिम मोड्युल |
| अनुगमन सूचक | • अभिमुखीकरण कार्यक्रमका सहभागिहरुको उपस्थिती रेकर्ड, कार्यक्रम सम्पन्न प्रतिवेदन, कक्षा सञ्चालन तालिका र फोटोहरु |

### २.८ प्रदेशमा सञ्चालित बाल गृहहरुको अभिलेखीकरण कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.७०१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका बालगृहहरूको अद्यावधिक विवरण संकलन, अभिलेखीकरण तथा सेवा प्रवाहको अवस्था पहिचान गरी बाल संरक्षण प्रणालीलाई प्रभावकारी बनाउन यो कार्यक्रम सञ्चालन गरिनेछ। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | • प्रदेशमा सञ्चालित बालगृहहरूको अभिलेखीकरण तथा अद्यावधिक विवरण तयार गर्ने। |
| अपेक्षित प्रतिफल | • प्रदेशमा सञ्चालित सबै बालगृहहरूको एकीकृत अभिलेख तयार भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना तयार गर्ने।<br>• सूचना संकलन विधि तय गर्ने।<br>• स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी तथ्याङ्क संकलन गर्ने।<br>• स्थलगत अनुगमन तथा अभिलेखीकरण गर्ने।<br>• एकीकृत विवरण सहितको प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

## २.९ प्रदेशस्तरीय बालबालिकाको स्थिति प्रतिवेदन अद्यावधिक तथा प्रकाशन तथा वितरण

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.६०४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण, सहभागिता तथा समग्र अवस्थासम्बन्धी अद्यावधिक तथ्याङ्क संकलन गरी प्रदेशस्तरीय बालबालिकाको स्थिति प्रतिवेदन तयार, प्रकाशन तथा सरोकारवाला निकायमा वितरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ |
| उद्देश्य | • प्रदेशस्तरीय बालबालिकाको अद्यावधिक अवस्था समेटिएको प्रतिवेदन तयार गरी प्रकाशन तथा वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | • प्रदेशस्तरीय बालबालिकाको अद्यावधिक अवस्था समेटिएको प्रतिवेदन तयार गरी प्रकाशन तथा वितरण भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना तयार गर्ने।<br>• सम्बन्धित निकायबाट तथ्याङ्क तथा सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्ने।<br>• प्रतिवेदन तयार गरी प्रकाशन तथा वितरण गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

## २.१० बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ सुदृढीकरण सञ्चालन तथा व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.५९२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा हराएका, बेवारिसे, जोखिममा परेका तथा संरक्षणको आवश्यकता भएका बालबालिकाको खोजतलास, उद्धार, पारिवारिक पुनर्मिलन तथा समन्वयात्मक सेवा प्रभावकारी बनाउन बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ को सुदृढीकरण, सञ्चालन तथा व्यवस्थापनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ |
| उद्देश्य | • प्रदेश समन्वय केन्द्र १०४ को सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउने। |
| अपेक्षित प्रतिफल | • प्रदेश समन्वय केन्द्र १०४ प्रभावकारी रूपमा सञ्चालन भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • केन्द्र सञ्चालन तथा आवश्यक व्यवस्थापनका लागि आवश्यक कार्यका लागि केन्द्रसंग समन्वय गरी खर्च गर्ने ।<br>• सम्बन्धित निकायसँग समन्वय गरी खोजतलास, उद्धार तथा पुनर्मिलन सेवा सञ्चालन गर्ने।<br>• नियमित अनुगमन तथा प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

## २.११ राउटे नीति कार्यान्वयन कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.७११ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सरकारले स्वीकृत गरेको लोपोन्मुख राउटे समुदायको मुलप्रवाहीकरण नीतिको प्रभावकारी कार्यान्वयनमार्फत राउटे समुदायको परम्परागत जीवनशैली, भाषा, संस्कृति तथा पहिचानको संरक्षण गर्दै शिक्षा, स्वास्थ्य, पोषण, जीविकोपार्जन र सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | • राउटे नीति कार्यान्वयनका लागि सम्बन्धित निकायबीच समन्वय र सहकार्य गर्ने।<br>• राउटे समुदायलाई आधारभूत सामाजिक सेवा तथा संरक्षणमा पहुँच अभिवृद्धि गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • राउटे समुदायको भाषा, संस्कृति र परम्परागत जीवनशैली संरक्षणमा सहयोग पुऱ्याउने। |
| अपेक्षित प्रतिफल | • राउटे नीति प्रभावकारी रूपमा कार्यान्वयनमा सहयोग भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • लोपोन्मुख राउटे समुदायको मुलप्रवाहीकरण नीतिमा व्यवस्था भएका समितिहरुको बैठक सञ्चालन गर्ने।<br>• सम्बन्धित समितिको बैठकको निर्णयानुसारका क्रियाकलाप सञ्चालन गर्ने।<br>• सम्बन्धित स्थानीय तह तथा सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• स्थलगत अनुगमन गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

**२.१२ विपद व्यवस्थापन सम्बन्धी विषयगत क्षेत्र, लैससास समिति, बालबालिका अपाङ्गगता लगायतका विभिन्न समितिका बैठक सञ्चालन**

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.७२० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास), बाल अधिकार, अपाङ्गता तथा अन्य सामाजिक विकाससम्बन्धी विषयगत समितिहरूबीच समन्वय, योजना निर्माण, निर्णय कार्यान्वयन तथा प्रगति समीक्षा प्रभावकारी बनाउन नियमित बैठक सञ्चालन गरिनेछ। |
| उद्देश्य | • विभिन्न समितिको बैठक सञ्चालन गर्ने।<br>• नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रगतिको समीक्षा गर्ने।<br>• आवश्यक निर्णय तथा कार्ययोजना तर्जुमा गर्ने। |
| अपेक्षित प्रतिफल | • विभिन्न समितिहरू नियमित रूपमा सक्रिय भएका हुने।<br>• निर्णय कार्यान्वयन तथा अन्तरनिकाय समन्वयमा प्रभावकारिता आएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • विभिन्न समितिका बैठक सञ्चालन गर्ने।<br>• बैठकका निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने।<br>• बैठकको निर्णय पुस्तिका तथा प्रतिवेदन तयार गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

## २.१३ सामाजिक विकास विषयक्षेत्रको प्रदेशस्तरीय प्रोफाइल तयारी तथा प्रकाशन

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.७०३ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको सामाजिक विकास विषयक्षेत्रअन्तर्गत महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, सामाजिक सुरक्षा लगायतका क्षेत्रको अद्यावधिक तथ्याङ्क तथा सूचनालाई एकीकृत गरी प्रदेशस्तरीय प्रोफाइल तयार, प्रकाशन तथा सरोकारवाला निकायमा उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ। । |
| उद्देश्य | • सामाजिक विकास विषयक्षेत्रको एकीकृत प्रदेशस्तरीय प्रोफाइल तयार गर्ने। |
| अपेक्षित प्रतिफल | • सामाजिक विकास विषयक्षेत्रको एकीकृत प्रदेशस्तरीय प्रोफाइल तयार भएका हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कार्ययोजना तयार गर्ने।<br>• सम्बन्धित मन्त्रालय, स्थानीय तह तथा निकायबाट तथ्याङ्क संकलन र विश्लेषण गर्ने।<br>• प्रोफाइल तयार गरी प्रकाशन तथा वितरण गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

## २.१४ मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम बाँडफाँड हुने रकम

| | |
|---|---|
| क्रियाकलाप संकेत ८.१.९.६ | खर्च शिर्षक: २८९११ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका दलित समुदायको आर्थिक सशक्तीकरण, स्वरोजगार तथा दिगो जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले स्थानीय आवश्यकतामा आधारित आयआर्जनमूलक कार्यक्रम सञ्चालनका लागि यो कार्यक्रम तय गरिएको छ। |
| उद्देश्य | • दलित समुदायको सीप तथा क्षमता विकास र आयआर्जनका क्रियाकलाप सञ्चालन गर्नु। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | • दलित समुदायको आयआर्जन तथा रोजगारीका अवसरमा वृद्धि भएको हुने।<br>• दलित समुदायको सशक्तीकरण भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालय/सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • स्वीकृत कार्यविधि अनुसार सम्बन्धित निकायमा बजेट बाँडफाँड गरी कार्यक्रम कार्यान्वयन गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | प्रतिवेदन |

**शिक्षा विकास निर्देशनालय/सामाजिक विकास कार्यालय अन्तर्गत सामाजिकतर्फ सञ्चालन हुने क्रियाकलापहरू:**

## २.१५ किशोरी आत्मरक्षा तालिम

| क्रियाकलाप संकेत:२.७.१३.४४० | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | किशोरीले कठिन परिस्थितिमा आफूलाई सुरक्षित राखेर आफ्नो आत्मरक्षा गर्न, यौन हिँसा तथा दुर्व्यवहारको प्रतिकार गर्न सक्षम बनाउनका लागि त्यसका लागि आवश्यक कला कौशल सिक्न तथा किशोरीमा सो अनुरुप सक्षम बनाउनका साथै आफैमा आत्मविश्वास पैदा गर्न यो कार्यक्रम सञ्चालन गरिने छ। |
| उद्देश्य | किशोरीहरुमा हुन सक्ने दुर्व्यवहारको प्रतिकार गर्न सक्षम बनाउने। |
| अपेक्षित प्रतिफल | किशोरीहरु शारिरीक, मानसिक तथा भावनात्मक रुपमा सशक्त हुनेछन। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय/सामाजिक विकास कार्यालय |
| सञ्चालन प्रकृया | • कार्यक्रम कार्यान्वयनको कार्ययोजना निर्माण गर्ने<br>• तालिमका विषय वस्तु निर्धारण गरी समन्वय बैठकबाट स्वीकृत गर्ने<br>• विद्यालय/ समुदाय छनौट गर्ने<br>• विद्यालयमा सञ्चालन हुने तालिमका लागि विद्यालय सँग समन्वय गरी कक्षा ९-१२ का किशोरीहरुलाई तालिम दिने।<br>• समुदायमा सञ्चालन हुने तालिम का लागि स्थानीय तह र किशोर किशोरीको क्षेत्रमा कार्य गर्ने गै स स सँग समन्वय गर्ने।<br>• तालिम सञ्चालन र प्रतिवेदन |
| बजेट बाँडफाट | • PLMBIS अनुसार |
| समय अवधि | दोस्रो त्रैमासिक । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | • सामाजिक विकास मन्त्रालयको विनियोजित बजेट, २०८३/०८४,<br>• कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | • कार्यक्रममा सहभागि हाजिरी ।<br>• प्रतिवेदन |

## २.१६ स्थानीय मौलिक कला तथा धर्म संस्कृतिक तथा पहिचान, जगेर्ना कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.२६.१ | खर्च शिर्षकः२२५२९ |
| परिचय | स्थानीय स्तरमा पहिचान भएका सांस्कृतिक, सामाजिक तथा ऐतिहासिक महत्व बोकेका स्थानीय कला,हस्तकला तथा सांस्कृतिक पहिचान, जगेर्ना तथा प्रवर्द्धन गर्नका लागि संचालित कार्यक्रम । |
| उदेश्य | स्थानीय कला, हस्तकला तथा सांसकृतिक पहिचान, जगेर्ना तथा प्रवर्द्धन गर्नु । |
| अपेक्षित प्रतिफल | स्थानीय तहमा प्रचलित कला, हस्तकला तथा जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ। |
| कार्यान्वयन निकाय | शिक्षा विकास निर्देशनालय/ सामाजिक विकास कार्यालयहरु । |
| सञ्चालन प्रक्रिया | • स्थानीय मौलिक कला तथा संस्कृतिको पहिचान प्रचार प्रसार सरक्षण सम्वद्धन र अभिलेखीकरण जस्ता कार्यक्रम पहिचान र सञ्चालन गर्नका लागि देहायको समिति गठन गर्ने।<br>संयोजक- निर्देशक,शिक्षा विकास निर्देशनालय<br>सदस्य- सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय<br>सदस्य सचिव- शाखा प्रमुख शिक्षा विकास निर्देशनालय<br>स्थानीय मौलिक कला तथा संस्कृति सम्बन्धी काम गर्ने व्यक्ति/संस्थाबाट निर्देशकले मनोनीत गरेको दुई जना सदस्य<br>• समितिको निर्णय अनुसार कार्यक्रम सञ्चालन गरिने छ। |
| सञ्चालन गर्ने अबधि | चौथो त्रैमासिक |
| बजेट बाँडफाँड | PLMBIS अनुसार । |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८२ |
| अनुगमन सूचक | तस्वीर, प्रतिवेदन। |

## २.१७ अपाङ्गता भएका बालबालिकाका अभिभावकका लागि सचेतना कार्यक्रम

| | |
|---|---|
| क्रियाकलापसंकेतः- २.७.१३.४४२ | खर्चशिर्षकः२२५२२ |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | जन्मजात वा जन्म पश्चात हुने अपाङ्गता भएका बालबालिकाहरुको जिवनयापन सहज बनाउन अभिभावकको क्षमता विकास गरी परिचालन गर्न यो कार्यक्रम तर्जुमा गरिएको हो। |
| उद्देश्य | अपाङ्गता भएका बालबालिकाका अभिभावकहरुलाई सचेतना कार्यक्रम संचालन गर्ने। |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका बालबालिकाका अभिभावकहरुलाई सचेतना कार्यक्रम संचालन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | शिक्षा बिकास निर्देशनालय र सामाजिक बिकास कार्यालयहरु । |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।<br>• तालिमका विषयवस्तुहरु निर्धारण गर्ने।<br>• पालिकासँग समन्वय गरी सहभागी निर्धारण गरी कार्यान्वयन गर्ने<br>• प्रतिवेदन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो, दोस्रो र तेस्रो त्रैमासिक |
| बजेटबाँडफाँटः- रुहजारमा | PLMBIS अनुसार |
| सन्दर्भसामग्री | प्रदेश सरकार खर्च मापदण्ड २०८२ |
| अनुगमनसूचक | प्रतिवेदन |

## २.१८ अभिभावक बिहिन तथा जोखिममा रहेका बालबालिकाका लागि सहयोग कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेत : २.७.१३.४४१/ २.७.१२.९/ २.७.१२.१०.१/ २.७.२५.५७४ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | विविध कारणबाट जोखिममा रहेका बालबालिकालाई घटना व्यवस्थापनको माध्यमबाट बालअधिकार संरक्षण र सम्बर्द्धन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | बिबिध कारणले जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुलाई आपतकालिन उद्धार, पुनर्स्थापना र शिक्षा र स्वाथ्यमा राहत पुऱ्याउनु । |
| अपेक्षित प्रतिफल | जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको उपयुक्त विधिबाट घटना व्यबस्थापन गर्दै उद्धार,पुनर्स्थापना, पुनर्मिलन, पुनःएकीकरण, मानवीय सहायता मार्फत |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | तथा बालअधिकारको संरक्षण र सम्बर्द्धन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय,सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • जोखिम अवस्थामा रहेका बालबालिकाहरुको विवरण स्थानीय तहमार्फत तथा कार्यालयमा पेश भएका माग प्राप्ति/संकलन गर्ने,<br>• पीडित तथा प्रभावितको सूचना विश्लेषण सरोकारवालाहरुसँग समन्वय<br>• जोखिममा रहेको बालबालिहरुलाई प्राथामिकिकरण गर्ने<br>• सहयोगका क्षेत्र पहिचानजस्तैः शैक्षिक सामग्री ,पोषाक, खाद्यान्न, कानुनी परामर्श, खर्च औषधोपचार खर्च, मनोपरामर्श खर्च, डिग्निटि किट, सरसफाईजन्य आवश्यक सामग्री प्रदान गर्न सकिने।<br>• यस्ता सामग्री वितरणमा प्रति व्यक्ति रु ५००० नबढने गरी खर्च गर्ने वा प्रति व्यक्ती रु ५०००/-अक्षेरुपी पाच हजार मात्रमा नबढ्ने गरी बालबालिकाले पाउने गरि बालबालिका अध्यनरत विद्यालयको खातामा जम्मा हुने गरी समन्वय समितिको निर्णय अनुसार प्रदान गरिने,<br>• अनुगमन गर्ने<br>• प्रतिवेदन पेश गर्ने |
| सञ्चालनअवधी | प्रथम, दोस्रो, तेस्रो, चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | बैठकको निर्णय,भरपाई, भौचर प्रतिवेदन |

### २.१९ स्थानीय तहमा कार्यरत शिक्षा तथा महिला बालबालिका शाखामा कार्यरत कर्मचारीसगंको समन्वय तथा अन्तरक्रिया कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.५७३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महिला बालबालिका अपाङ्गता ज्येष्ठ नागरिक तथा यौनिक अल्पसंख्यक सम्बन्धि विविध विषयमा सरोकार राखी कार्य गर्ने स्थानीय महिला बालबालिका शाखा/ शिक्षा शाखामा कार्यरत कर्मचारीहरुलाई समग्र जिल्लाका स्थानीय तहका काम कार्यवाही तथा साझा बुझाई एंव क्षमता विकास र ताजगीका लागि अन्तर्किया कार्यक्रम गर्न आवश्यक भएको हुदाँ यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | सबै स्थानीय तहका महिला बालबालिका शाखाका कर्मचारीको साझा बुझाई गराउने कर्मचारीहरुको क्षमता विकास तथा ताजगी प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | कार्यसम्पादनमा चुस्तता आएको हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| कार्यालय/निकाय | कार्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण गर्ने,<br>• कार्यक्रम Physical/Virtualमाध्यमबाट सञ्चालन गर्ने सकिने,<br>• कार्यक्षेत्रका अनुभव आदानप्रदान (साझा समस्या, सुझाव आदि), तनाव व्यवस्थापन, मनोसामाजिक परामर्श, मोटिभेसनल कक्षा, उद्घोषण कला विकास, नेतृत्व/व्यक्तित्व विकास, सूचना प्रविधिको प्राविधिक ज्ञान, सेवाग्राही लाई गुणस्तरीय सेवा प्रवाहका तौर तरिका लगाएतका प्रशासनिक तथा आर्थिक व्यवस्थापन ज्ञान सीप ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक सम्बेदनशील बजेट अभिलेख व्यवस्थापन महिला बालबालिका तथा समाज कल्याणका क्षेत्रमा बनेको नव कानुन तथा प्रावधानका विषयहरु लगाएतका अन्य विषयबस्तुबाट आवश्यकता बमोजिम विषयवस्तु छनौट गरी कक्षा सञ्चालन गर्न सकिने<br>• प्रतिवेदन पेश |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | दोस्रो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBISअनुसार |
| सन्दर्भ सामग्री | प्रदेश सरकार आर्थिक कार्यविधि ऐन २०७५, प्रदेश सरकार खर्च मापदण्ड निर्देशिका २०८२ र कर्णाली प्रदेश सरकारको आ.व.२०८३/०८४ बजेट तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्ययोजना, कार्य सम्पन्न प्रतिवेदन |

## २.२० मानव सेवा आश्रम, सुर्खेत सञ्चालन तथा व्यबस्थापन सहयोग कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.१२.१९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र निर्माणको लागि सेवाहेतु कर्णाली प्रदेश सुर्खेतमा सञ्चालित मानव सेवा आश्रम सञ्चालन तथा व्यवस्थापनको लागि आर्थिक सहयोग प्रदान गरी संरक्षक विहिन मानवहरुको व्यवस्थापन गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | विविध कारणले सडक पेटी तथा सार्वजनिक स्थलमा रात विताउन बाध्य सहयोगापेक्षी सडक मानवहरुलाई पालन पोषण हेरचाह उपचार मनोपरामर्श पारीवारिक पुनर्मिलन आदि कार्यको व्यवस्थापन गर्ने |
| अपेक्षित प्रतिफल | विविध कारणले सडक पेटी तथा सार्वजनिक स्थलमा रात विताउन बाध्य सहयोगापेक्षी सडक मानवहरुलाई पालन पोषण हेरचाह उपचार मनोपरामर्श पारीवारिक पुनर्मिलन आदि कार्यको व्यवस्थापन भएको हुनेछ ।<br>सडक मानवमुक्त समुदायको निर्माण भएको हुनेछ । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • वीरेन्द्रनगर नगरपालिका सुर्खेत सँग समन्वय गर्ने ।<br>• मानव सेवा आश्रम सँग प्रस्ताव माग गर्ने<br>• समन्वय समितिको बैठक<br>• स्थानीय तहसँग समन्वय<br>• प्रस्तावका आधारमा दुई पक्षीय सम्झौता गर्ने<br>• प्राप्त विल, भर्पाई, तस्वीरहरुतथा कार्यसम्पन्न प्रतिवेदन र वीरेन्द्रनगर नगरपालिकाको रकम भुक्तानी सम्बन्धी सिफारिस पत्रको आधारमा रकम उपलब्ध गराउने<br>• अनुगमन<br>• प्रतिवेदन। |
| सञ्चालन गर्ने अवधी र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाँट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | सम्झौता पत्र, भुक्तानी विवरण भौचर |

## २.२१ प्रशान्ती वृद्धाश्रम सुर्खेत सन्चालन तथा व्यवस्थापन सहयोग

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१२.११ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | संरक्षण विहिन, वेसहारा, परित्यक्त अवस्थामा रहेका जेष्ठनागरीकको उद्धार गरी पालनपोषण, संरक्षण तथा आबासीय सेवा प्रदानका साथै पारिवारिक पुनर्मिलन समेत गरी सेवा प्रदान गरी रहेको यस आश्रम सञ्चालन तथा व्यवस्थापन गर्न यो कार्यक्रम तय गरीएको हो । |
| उद्देश्य | संरक्षक विहिन ज्येष्ठनागरिकलाई संरक्षण प्रदान गरी जिवनयापनलाई सहज बनाउने। |
| अपेक्षित प्रतिफल | संरक्षकविहिन ज्येष्ठनागरिकहरुलेसंरक्षण प्राप्त गरेका हुनेछन। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • वीरेन्द्रनगर नगरपालिका सुर्खेत सँग समन्वय गर्ने ।<br>• प्रशान्ती वृद्धाश्रम सँग प्रस्ताव माग गर्ने<br>• समन्वय समितिको बैठक<br>• प्रस्तावका आधारमा दुई पक्षीय सम्झौता गर्ने<br>• प्राप्त विल, भर्पाई, तस्वीरहरुतथा कार्यसम्पन्न प्रतिवेदन र वीरेन्द्रनगर नगरपालिकाको रकम भुक्तानी सम्बन्धी सिफारिस पत्रको आधारमा रकम |



तथ्याङ्क अधिकृत  उप-सचिव  प्रदेश सचिव  मा. मन्त्री

| | |
|---|---|
| | उपलब्ध गराउने<br>• अनुगमन।<br>• प्रतिवेदन |
| सञ्चालन अवधी | पहिलो, दोस्रो तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | सम्झौता पत्र, भुक्तानी विवरण भौचर |

## २.२२ जेष्ठनागरिक दिवा सेवा केन्द्र व्यवस्थापन

| | |
|---|---|
| क्रियाकलाप संकेतः-२.७.२५.५२३/ २.७.२५.६६६ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | ज्येष्ठ नागरीकहरुको ज्ञान, सिप, अनुभव आदान प्रदान, मनोरञ्जन तथा एक्लोपन हटाउने गरी समय व्यतित गर्न संचालनमा आएका दिवा सेवाकेन्द्रहरुलाई नियमित रुपमा संचालन तथा व्यवस्थापन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ। |
| उद्देश्य | जेष्ठनागरीकहरुको ज्ञान, सीप र अनुभव आदान प्रदान तथा मनोरञ्जनप्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | • जेष्ठनागरीकको ज्ञान सीप अनुभव एक आपसमा साटासाट भएको हुनेछ ।<br>• जेष्ठनागरिकमा एक्लोपन तथा तनाव व्यवस्थापन भै आत्मविश्वास बढेको हुनेछ । |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय /सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • जेष्ठनागरिक दिवा सेवा कार्यक्रम तथा ज्येष्ठ नागरीक मिलन केन्द्र संचालन गर्न चाहने वा संचालन गरिरहेका जेष्ठ नागरीकको क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुको पहिचान,<br>• स्थलगत अनुगमन,<br>• प्रस्ताव माग संकलन,<br>• संस्था छनौट,<br>• छनौट भएका संस्थासँग सम्झौता र कार्यक्रम संचालन ।<br>दिवा सेवा केन्द्रले गर्ने कार्यहरुः<br>• ज्येष्ठ नागरिकहरुको ज्ञानसीप अनुभव आदानप्रदान गर्ने,<br>• मनोरञ्जनात्मक कार्यक्रम संचालन गर्ने,<br>• मिलन केन्द्र व्यबस्थापन,<br>• खाजा व्यवस्थापन ।<br>दिवा सेवा केन्द्र संचालनका लागि आवश्यक आधारहरुः<br>• दिवासेवाकेन्द्र संचालनका लागि कम्तिमा दैनिक २५ जना सम्म ज्येष्ठ नागरिक |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | उपस्थिति भएको हुनुपर्ने,<br>• दैनिक दिवासेवा केन्द्रमा बस्ने व्यवस्था मिलाउनु पर्ने,<br>• बस्ने ठाउँ ज्येष्ठ नागरिकमैत्री हुनुपर्ने,<br>• संचालनमा रहेका दिवासेवा केन्द्रहरुले पनि स्थानीय तहसँग समन्वय गरेको हुनुपर्ने।<br>दिवा सेवा केन्द्रहरुले पेश गर्नुपर्ने कागजातहरु:<br>• बार्षिक कार्ययोजना,<br>• संस्था दर्ता नविकरण,<br>• गत आ.व.को लेखा परिक्षण प्रतिवेदन,<br>• स्थानीय तहको सिफारिस,<br>• गत आ.व.को प्रगति प्रतिवेदन । |
| सञ्चालन गर्ने अवधि | पहिलो दोस्रो तेस्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |
| सन्दर्भ सामग्री | प्रचलित नियमानुसार |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, कार्यक्रम प्रतिबेदन |

## २.२३ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन सहयोग (वीननपा वडा न ६)

| | |
|---|---|
| क्रियाकलाप संकेतः-२.७.१२.१६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | ज्येष्ठ नागरीकहरुको ज्ञान, सिप, अनुभव आदान प्रदान,मनोरञ्जन तथा एक्लोपन हटाउने गरी समय व्यतित गर्न सञ्चालनमा आएको यस दिवा सेवाकेन्द्रलाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | जेष्ठनागरीकहरुको ज्ञान, सीप र अनुभव आदान प्रदान तथा मनोरञ्जनप्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | • जेष्ठनागरीकको ज्ञान सीप अनुभव एक आपसमा साटासाट भएको हुनेछ ।<br>• जेष्ठनागरिकमा एक्लोपन तथा तनाव व्यवस्थापन भै आत्मविश्वास बढेको हुनेछ । |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • वीरेन्द्रनगर नगरपालिका सुर्खेत सँग समन्वय गर्ने ।<br>• वीरेन्द्रनगर ६ सुर्खेतमा संचालित जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरुबाट प्रस्ताव माग गर्ने,<br>• समन्वय समितिको बैठक,<br>• संस्थासँग सम्झौता र कार्यक्रम सञ्चालन।<br>• अनुगमन निरीक्षण<br>• प्राप्त विल, भर्पाई, तस्वीरतथा कार्यसम्पन्न प्रतिवेदन र वीरेन्द्रनगर |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | नगरपालिकाको रकम भुक्तानी सम्बन्धी सिफारिस पत्रको आधारमा रकम उपलब्ध गराउने<br>• प्रतिवेदन ।<br>• दिवा सेवा कार्यक्रम सञ्चालन गरेमा दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम बमोजिम हुने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौमासिक भित्र |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, कार्यक्रम प्रतिबेदन |

### २.२४ दिवसीय कार्यक्रम ( शिक्षा महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक सामाजिक समावेशिकरण)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२५.५७०/ २.७.२५.६६९ | खर्च शिर्षकः २२५२२ |
| परिचय | समाजका विभिन्न पक्षलाई विकासको मूलधारमा समावेश गर्न तथा समाजमा पछाडी परेका/ पारीएका वर्गका आवाज उठाउन तथा सामाजिक हानिकारक अभ्यासलाई न्युनिकरण गर्न विभिन्न दिवसहरुको आयोजना गरी कानुनी प्रावधानलाई समुदायमा सुसुचित गराई महिला, बालबालिका, जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति तथा सामाजिक समाबेशिकरणमा पर्ने वर्ग प्रति हुने विभिन्न खालका हिंसाहरुको दरमा कमी ल्याउन र यी वर्गहरुलाई विभिन्न मेलामा समेट्न सहयोग गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। |
| उद्देश्य | दिवसका माध्यम बाट सचेतना बृद्धी गराउनु ।<br>विषयमा ताजगी प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | • समुदायमा सचेतना अभिबृद्धी भएको हुनेछ ।<br>• विविध प्रकारका हिंसाप्रति खवरदारी भएको हुनेछ ।<br>• सम्बन्धीत सरोकारवालाहरुमा जिम्मेबारी बोध भएको हुनेछ ।<br>• सरोकारवालाहरुलाई ताजगी प्राप्त भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • अन्तराष्ट्रिय महिला दिवस, बाल दिवस, लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय अपाङ्गता दिवस, ज्येष्ठ नागरिक दिवस, छुवाछुत तथा जातीय भेदभाव निर्मुलीकरण दिवस आदिवासी जनजाती सम्बन्धी दिवस आदि<br>• स्थानीय तह/ सम्बन्धीत संघसंस्थासँग समन्वय र साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| सञ्चालन गर्ने अवधी र अनुमानित मिति | पहिलो दोस्रो तेस्रो चौथो त्रैमासिक मा आबश्यकता अनुसार स्वीकृत कार्ययोजना बमोजिम |
| बजेट बाँडफाँटः | PLMBIS बमोजिम |



तथ्याङ्क अधिकृत   उप-सचिव   प्रदेश सचिव   मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानून बमोजिम |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, प्रतिबेदन |

## २.२५ अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्र सञ्चालन व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२५.५७५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिको संरक्षण र परिपूरणको व्यवस्था गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको रक्षा गर्ने र हिंसा प्रभावित महिला तथा बालबालिकाहरुको संरक्षण तथा न्यायमा पहुँचका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | पीडित तथा प्रभावितहरुलाई तत्काल उद्धार, व्यवस्थापन, स्वास्थ्य उपचार, शारिरिक तथा मानसिक उपचार, मनोविर्मश सेवा, कानूनी उपचारलगायतका अल्पकालिन सेवा प्रदान गरी सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने। |
| अपेक्षित प्रतिफल | हिंसा पीडित तथा प्रभावित महिला तथा बालबालिकाको संरक्षण भएकोहुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालय कालिकोट, हुम्ला, जुम्ला, डोल्पा, जाजरकोट, दैलेख, सल्यान र रुकुमपश्चिम |
| सञ्चालन प्रकृया | • सेवाकेन्द्रसँग प्रस्ताव माग,<br>• सेवाकेन्द्र नयाँ छनौट गर्नुपर्ने आवश्यकता भएको जिल्लाको हकमा १५ दिनको म्याद राखी प्रस्ताव पेशका लागि सुचना प्रकाशन गर्ने रसुचना प्रकाशनको कार्य भाद्र मसान्त सम्म गरि सक्नु पर्नेछ। समन्वय समितिको निर्णयबाट संस्था छनौट गर्ने।<br>• सम्झौता,<br>• अनुगमन,<br>• सम्झौता बमोजिम कार्य सम्पन्नपश्चात बिल भर्पाई स्थानीय तहको सिफारिस पत्र तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा रकम भुक्तानी।<br>• सेवाकेन्द्र बर्ष भरी सञ्चालन गर्नुपर्ने। |
| सञ्चालन अवधी | प्रथम, दोस्रो, तेस्रोर चौथो त्रैमासिक |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | वैठक निर्णय,सम्झौता पत्र कार्यसम्पन्नप्रतिवेदन, |

## २.२६ विद्यालयमा बाल अधिकार सम्बन्धि सरोकारवालाहरुलाई सचेतीकरण कार्यक्रम



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| कृयाकलाप संकेत २.७.१३.४४३ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | बाल अधिकारको संवैधानिक व्यवस्थालाई विद्यालयमा तथा समुदायमा के कति कार्यान्वयन भएको छ अथवा यस सम्बन्धी बुझाईको अवस्था सुदृढ गराउन तथा बाल अधिकारको संबर्द्धन गर्न र बालबालिकामाथि हुने शारिरीक तथा मानसिक दण्ड सजाय विरुद्धको अभियानमार्फत सचेत तथा असल वातावरणको समुदाय तथा विद्यालय निर्माणमा सघाउ पुऱ्याउन सो सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि जागरुक गराउन यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | विद्यालय तथा समुदायमा बाल अधिकार तथा कर्तब्यलाई प्रवर्द्धन गर्ने। |
| अपेक्षित प्रतिफल | विद्यालय, समुदाय, अभिभावक, विद्यालय ब्यबस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा कर्मचारीहरुलाई बाल अधिकार तथा कर्तब्यको बारेमा जानकारी प्राप्त हुने,शारीरिक तथा मानसिक दण्ड सजाय दिने परिपाटीको अन्त्य र बालअधिकारको संरक्षण भएको हुनेछ ।<br>बालबालिकामा बाल अधिकारसँगै कर्तब्यको बोध भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण<br>• विद्यालय तथा स्थानीय तहसँग समन्वय,<br>• गुनासो सुनुवाई संयन्त्र सम्बन्धमा छलफल अर्न्तक्रिया सञ्चालन,<br>• बाल अधिकार तथा बालबालिकामाथि हुने शारिरीक तथा मानसिक दण्ड सजाय विरुद्ध विद्यालय/समुदायमा स्वीकृत कार्ययोजना तथा बजेट बमोजिम अभिमुखीकरण अन्तर्क्रिया कार्यक्रम सञ्चालन,<br>• प्रतिवेदन पेश |
| सञ्चालनअवधी | पहिलो/दोस्रो/तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBISअनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | सहभागी हाजीरी, तस्वीर, प्रतिवेदन |

### २.२७ ISKCON सुर्खेतसंगको समन्वयमा सुर्खेत स्थित कारागार र सुधार गृहहरुसंग आध्यात्मिक कार्यक्रम

| क्रियाकलाप संकेत.२.७.२५.७५३ | खर्चशिर्षकः २२५२२ |
|---|---|



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| परिचय | शिक्षा विकास निर्देशनालय, सुर्खेतले सामाजिक उत्तरदायित्व र अनौपचारिक शिक्षाको पाटोलाई समेट्दै **इस्कोन (ISKCON) सुर्खेत** सँगको प्राविधिक एवं आध्यात्मिक साझेदारीमा यो कार्यक्रम प्रस्ताव गरेको हो। |
| उद्देश्य | कैदीबन्दी र सुधार गृहका बालबालिकाहरूमा रहेको मानसिक तनाव, डिप्रेसन, आक्रोश र निराशालाई आध्यात्मिक चिन्तन र ध्यानको माध्यमबाट न्यूनीकरण गर्नु । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | शिक्षा विकास निर्देशनालय/ |
| सञ्चालन प्रक्रिया | शिक्षा विकास निर्देशनालय, सुर्खेतले सामाजिक उत्तरदायित्व र अनौपचारिक शिक्षाको पाटोलाई समेट्दै **इस्कोन (ISKCON) सुर्खेत** सँग प्रस्ताव माग गरी कार्यक्रम संचालन गरिनेछ । |
| अपेक्षित प्रतिफल | सहभागी कैदीबन्दी र बालबालिकाहरूको व्यवहार, बोलीचाली र अनुशासनमा सकारात्मक परिवर्तन आउनेछ । कारागार प्रशासन र सुधार गृह व्यवस्थापनलाई गृहभित्रको आन्तरिक सुरक्षा र अनुशासन कायम राख्न सहज हुनेछ । |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | दोस्रो र तेस्रो त्रैमासिक । |
| सन्दर्भ सामग्री | • |
| अनुगमन सूचक | अनुगमन प्रतिवेदन, बिल भर्पाई र फोटोहरु |

## २.२८ दलित समुदायको सशक्तीकरण कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२५.६९६ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | शिक्षा, सीप विकास, उद्यमशीलता, रोजगारी तथा नेतृत्व विकासमार्फत दलित समुदायको जीवनस्तरमा सुधार ल्याउन तथा उनीहरूको सशक्तीकरणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | • दलित समुदायका युवा तथा महिलाहरूको सीप, क्षमता र नेतृत्व विकास गर्ने।<br>• स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गरी आयआर्जनका अवसर सिर्जना गर्ने।<br>• सामाजिक विभेद, छुवाछुत तथा असमानता न्यूनीकरण गर्न सहयोग पुऱ्याउने। |
| अपेक्षित प्रतिफल | • दलित समुदायका व्यक्ति, विशेष गरी युवा तथा महिलाहरूको क्षमता अभिवृद्धि हुनेछ।<br>• सीपमूलक तालिम तथा उद्यम विकासमार्फत आयआर्जनका अवसर वृद्धि हुनेछन्। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • दलित समुदायको सामाजिक तथा आर्थिक अवस्थामा सुधार आउनेछ।<br>• नेतृत्व विकास तथा सामाजिक सहभागितामा वृद्धि हुनेछ। |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्यान्वयन गर्ने निकायले आवश्यकता अनुसार लक्षित समुदाय तथा लाभग्राही छनोट कार्ययोजना तयार गर्ने।<br>• आवश्यकताका आधारमा सीपमूलक तालिम, अभिमुखीकरण, सचेतना तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>• स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँग समन्वय र सहकार्य गर्ने।<br>• कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो दोस्रो तेस्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |
| सन्दर्भ सामग्री | |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, कार्यक्रम प्रतिबेदन |

### २.२९ लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, महिला, दलित, पछाडि परेका वर्ग, लोपोन्मुख तथा सिमान्तकृत वर्ग र समुदायको कर्णाली सामाजिक सशक्तीकरण कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२५.५७७ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, महिला, दलित, पछाडि परेका वर्ग, लोपोन्मुख तथा सिमान्तकृत समुदायहरूको क्षमता विकास, आर्थिक आत्मनिर्भरता, सामाजिक पहुँच अभिवृद्धि गर्न यो कार्यक्रम तय गरिएको छ। |
| उद्देश्य | • लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, महिला, दलित, पछाडि परेका वर्ग, लोपोन्मुख तथा सिमान्तकृत समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक सशक्तीकरण गर्नु।<br>• लक्षित समुदायको सीप, क्षमता, नेतृत्व तथा उद्यमशीलताको विकास गर्नु। |
| अपेक्षित प्रतिफल | • लक्षित समुदायको क्षमता, नेतृत्व तथा सामाजिक सहभागितामा वृद्धि हुनेछ।<br>• सीप विकास तथा उद्यमशीलतामार्फत आयआर्जन र स्वरोजगारका अवसर सिर्जना हुनेछन्। |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | कार्यान्वयन गर्ने निकायले आवश्यकता अनुसार लक्षित समुदाय तथा लाभग्राही छनोट कार्ययोजना तयार गर्ने।<br>आवश्यकताका आधारमा सीपमूलक तालिम, अभिमुखीकरण, सचेतना तथा सशक्तीकरण |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने।<br>स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँग समन्वय र सहकार्य गर्ने।<br>कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो दोस्रो तेस्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |
| सन्दर्भ सामग्री | |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, कार्यक्रम प्रतिबेदन |

**२.३० जिल्लाको आवश्यकतामा आधारित शिक्षा, सामाजिक समावेशिकरण, सामाजिक विकृति/हानीकारक अभ्यास न्युनीकरण सम्बन्धी सचेतना मूलक कार्यक्रम संचालन**

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२५.५७२ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | जिल्लाको आवश्यकता तथा प्राथमिकताका आधारमा समुदायमा रहेका बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन, लागू पदार्थ दुव्र्यसन, बालश्रम तथा अन्य हानीकारक सामाजिक अभ्यासहरू सचेतनामूलक कार्यक्रम सञ्चालन गरी न्यूनीकरणमा योगदान पुऱ्याउन यो कार्यक्रम तय गरिएको छ। |
| उद्देश्य | • बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा, घरेलु हिंसा, लागू पदार्थ दुव्र्यसन तथा अन्य हानीकारक अभ्यास न्यूनीकरण गर्नु। |
| अपेक्षित प्रतिफल | • सामाजिक विकृति तथा हानीकारक अभ्यासहरू न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन हुनेछ । स्थानीय स्तरमा सामाजिक रूपान्तरणका लागि अनुकूल वातावरण निर्माण हुनेछ। |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्यान्वयन गर्ने निकायले जिल्लाको आवश्यकता, सामाजिक अवस्था तथा प्राथमिकताका आधारमा वार्षिक कार्ययोजना तयारी कार्यान्वयन गर्ने।<br>• स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँग समन्वय र सहकार्य गर्ने।<br>• कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो दोस्रो तेस्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |
| सन्दर्भ सामग्री | |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, कार्यक्रम प्रतिबेदन |

**२.३१ रैथाने तथा परम्परागत सीप प्रवर्धन कार्यक्रम (प्रदेश प्रमूख सामाजिक रूपान्तरण कार्यक्रम)**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| क्रियाकलाप संकेतः- २.७.२५.६९४ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | जिल्लाको आवश्यकताका आधारमा प्रचलित रैथाने तथा परम्परागत सीप, कला, संस्कृति तथा पेशाहरूको संरक्षण, संवर्द्धन तथा पुस्तान्तरण गरी रोजगारी र उद्यमशीलता विकासमा टेवा पुऱ्याउन यो कार्यक्रम तय गरिएको छ। |
| उद्देश्य | • रैथाने तथा परम्परागत सीप, कला र संस्कृतिको संरक्षण, संवर्द्धन तथा पुस्तान्तरण गर्नु।<br>• स्थानीय स्रोत, सीप तथा ज्ञानमा आधारित उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्नु। |
| अपेक्षित प्रतिफल | • रैथाने तथा परम्परागत सीपहरूको संरक्षण र हस्तान्तरण हुनेछ।<br>• परम्परागत पेशा र व्यवसायमार्फत आयआर्जन तथा रोजगारीका अवसर सिर्जना हुनेछन्।<br>• स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुग्नेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्यान्वयन गर्ने निकायले जिल्लाको आवश्यकता, सामाजिक अवस्था तथा प्राथमिकताका आधारमा कार्ययोजना तयारी कार्यान्वयन गर्ने।<br>• स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँग समन्वय र सहकार्य गर्ने।<br>• कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो दोस्रो तेस्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाँट | PLMBIS बमोजिम |
| सन्दर्भ सामग्री | |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति विवरण, कार्यक्रम प्रतिबेदन |

## २.३२ अपाङ्गगता रोकथाम तथा पुनस्थापना सम्बन्धी क्रियाकलाप सञ्चालन

| | |
|---|---|
| क्रियाकलाप संकेत २.७.२५.६६८/ २.७.२५.५७८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अपाङ्गता रोकथाम, प्रारम्भिक पहिचान, उपचार, पुनर्स्थापना तथा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक समावेशीकरण र आधारभूत सेवामा पहुँच अभिवृद्धि गर्न सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ। |
| उद्देश्य | अपाङ्गता रोकथाम तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने। |
| अपेक्षित प्रतिफल | अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि क्रियाकलाप सञ्चालन भएका हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास कार्यालयहरु |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • कार्ययोजना तयार गरी सम्बन्धित स्थानीय तह, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• सचेतना, पुनर्स्थापना तथा सहायक सामग्री वितरणलगायतका क्रियाकलाप सञ्चालन गर्ने।<br>• पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुका हेरचाहकर्तालाई अपाङ्गता स्याहार तालिम सञ्चालन गर्ने।<br>• कार्यक्रमको अनुगमन तथा प्रतिवेदन तयार गर्ने। |
| सञ्चालन अवधी | पहिलो दोस्रो र तेस्रो चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | कार्यक्रम उपस्थिति, प्रतिवेदन |

## ३. युवा तथा खेलकुद र भाषा, धर्म तथा संस्कृति क्षेत्रः

**सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरुः**

### १. स्काउट मार्फत युवा नेतृत्व तथा अनुशासन विकास कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१४.१३९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका युवाहरुमा अनुशासन, जिम्मेवारीपन, पारदर्शिता, सुशासन र नेतृत्व विकास गर्नका लागि प्रस्ताव गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशका युवालाई असल कार्यमा मार्गदर्शन गर्न तालिम कार्यक्रम गर्नु हो। |
| अपेक्षित प्रतिफल | युवाहरुमा अनुशासित हुने, आफ्नो समाजप्रति जिम्मेवारीबोध गर्ने र नेतृत्व वहन गर्ने क्षमताको विकास हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | • कर्णाली प्रदेशका दश वटै जिल्लाका १६-२४ वर्षका युवाहरुलाई सहभागिता गराउने।<br>• नेपाल स्काउटको सहयोगमा प्रदेश वा जिल्लास्तरमा कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>• स्थानीय तह तथा सामाजिक विकास कार्यालयहरुको समन्वयमा सहभागी छनोट गरिने ।<br>• तालिमको विषयवस्तु/पाठ्यक्रम नेपाल स्काउटको आधारभूत तालिम प्याकेज तथा युवा अनुशासनका लागि |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | समसामयिक विषयवस्तु समावेश गरी सञ्चालन गर्न सकिने।<br>• अन्य विषयहरु मन्त्रालयको निर्णयानुसार सञ्चालन हुने। |
| सञ्चालन गर्ने अवधि | दोस्रो, तेस्रो, चौथो त्रैमासिक सम्म। |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड , २०८२ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,फोटोहरु । |

## २. प्रदेश युवा प्रतिभा पहिचान पुरस्कार कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१४.१४० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका युवाको क्षमता, प्रतिभाको पहिचान गरी प्रोत्साहन गर्नका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | कर्णाली प्रदेशका युवालाई प्रतिभाको पहिचान गरी प्रोत्साहन गर्नु । |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका युवाको प्रतिभा पहिचान एवम् प्रोत्साहन भएको भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | कर्णाली प्रदेशका युवाहरुलाई प्रतिभा पहिचान गरी प्रोत्साहन गर्न **प्रदेश युवा प्रतिभा पहिचान पुरस्कार** मापदण्ड/कार्यविधि निर्माण गरी सोही बमोजिम कार्यान्वयन गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो, दोस्रो, तेस्रो, त्रैमासिक सम्म। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड ,२०८२ । |
| अनुगमन सूचक | बैठकका निर्णयहरु,पुरस्कार प्राप्त गर्ने युवाको अभिलेख र प्रतिवेदन। |

## ३. प्रदेश नमुना सभा अभ्यास कार्यक्रम

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| कृयाकलाप संकेतः २.७.१४.१०१ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका युवाहरुमा लोकतान्त्रिक अभ्यास तथा संस्कार, नेतृत्वसीप, अनुशासन, जिम्मेवारीपन, पारदर्शिता, सुशासन र क्षमता विकास गर्नका लागि प्रस्ताव गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशका युवालाई प्रेदश सभाको जीवन्त अभ्यासमार्फत नेतृत्वसीप विकास गरी असल कार्यमा मार्गदर्शन गर्न तालिम कार्यक्रम गर्नु हो। |
| अपेक्षित प्रतिफल | युवाहरुमा लोकतन्त्रको अभ्यास हुने, अनुशासित हुने, आफ्नो समाजप्रति जिम्मेवारीबोध गर्ने र नेतृत्व वहन गर्ने क्षमताको विकास हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | कर्णाली प्रदेशका दश वटै जिल्लाका १६-२४ वर्षका ४० जना युवाहरुलाई सहभागिता गराउने ।<br><br>१) प्रदेश स्तरमा प्रदेश सभाको संरचना अनुसार संसदीय अभ्यासको कार्यक्रम सञ्चालन गर्ने।<br>मन्त्रालयले आवश्यकतानुसार तोके बमोजिमको स्थानमा कार्यक्रम सञ्चालन गर्ने ।<br>मन्त्रालयले सहभागी छनोटका लागि सिफारिस गर्न देहायको एक समिति बनाई चार दिने प्रदेश नमुना सभा अभ्यास कार्यक्रम सञ्चालन गर्ने:-<br><br>-युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक<br>-प्रदेश सभा सचिवालयको अधिकृत-सदस्य<br>-शिक्षा विकास समन्वय एकाइको अधिकृत - सदस्य<br>-मन्त्रालयको कानुन अधिकृत- सदस्य<br>-सम्बन्धित शाखाको प्रमुख - सदस्य-सचिव<br><br>२) समितिले आवश्यकतानुसार बढीमा तीन जना मन्त्रालयका कर्मचारी तथा युवाका क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।<br><br>३) सहभागी छनोटका लागि गठित सिफारिस समितिले देहायका आधारमा सहभागी छनोटका लागि मन्त्रालयमा सिफारिस गर्नेछ :- |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | (क) सहभागी १६ वर्ष पूरा भई २४ वर्ष ननाघेको युवा हुनुपर्ने,<br>(ख) कर्णाली प्रदेशको स्थायी वासिन्दा भएको हुनुपर्ने,<br>(ग) यस अघिका यस मन्त्रालय र राष्ट्रिय युवा परिषद्द्वारा सञ्चालित नमुना संसद अभ्यास कार्यक्रममा भाग नलिएको हुनुपर्ने,<br>(घ) कुनै किसिमको फौजदारी अभियोगमा सजाय नपाएको वा अन्य कुनै कानूनले अयोग्य नभएको।<br>(ङ) मन्त्रालयले कम्तिमा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गरी गुगल डक्स मार्फत प्रश्नावली तयार गरी सोको मूल्याङ्कन गरी कर्णाली प्रदेशका चौबिस निर्वाचन क्षेत्रबाट एक/एकजना युवाको प्रतिनिधित्व हुने गरी चौबिस युवा र खस आर्य, दलित, आदिवासी जनजाति, थारू, अपाङ्गता भएका र अल्पसंख्यकबाट समेत पर्ने गरी प्रदेश सभाको संरचना बमोजिम सोह्र जना युवा सहित चालीस जना र थप बीस प्रतिशत प्रतिक्षा सूची छनोट गर्नु पर्नेछ। प्रथम पटकको सार्वजनिक सूचनाबाट चौबिस प्रदेश निर्वाचन क्षेत्रबाटै आवेदन प्राप्त नभएको अवस्थामा वा कुनै समावेशी समुहबाट आवेदन नपरेमा तत् तत् निर्वाचन क्षेत्र वा समावेशी समुहबाट आवेदन दिनका लागि पुन: दोस्रोपटक सात दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।<br>(च) सहभागी छनोटका लागि मूल्याङ्कन सम्बन्धी अन्य विषयहरु समितिको निर्णयानुसार हुनेछ ।<br>(छ) समितिको व्यवस्थापन तथा बैठक खर्च सम्बन्धित खर्च शीर्षकबाट भुक्तानी दिइनेछ । |
| सञ्चालन गर्ने अवधि | दोस्रो, तेस्रो र चौथो त्रैमासिकसम्म। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड , २०८२ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,फोटोहरु । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

## ४. कृयाकलाप :युवा वैज्ञानिक सम्मेलन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१३.४६१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | युवाहरुमा वैज्ञानिक खोज, सिर्जनशिलता बढाउन तथा आविष्कारतर्फ जिज्ञासु बनाउन कर्णाली प्रदेशका युवाहरुमा वैज्ञानिक सीप, दक्षता, क्षमता विकास र प्रोत्साहन गर्नका लागि प्रस्ताव गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशमा विज्ञान शिक्षाको प्रवर्द्धन, बैज्ञानिक आविष्कारलाई प्रोत्साहन तथा अनुसन्धानको प्रदर्शनी तथा प्रचारप्रसार र पुरस्कार/प्रोत्साहन गरी उत्प्रेरणा युवालाई बढाउन कार्यक्रम गर्नु । |
| अपेक्षित प्रतिफल | युवाहरुमा वैज्ञानिक तथा आविष्कारका क्षेत्रमा सचेतना सहित सक्षमताको विकास तथा उत्प्रेरणा प्रदान हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | -युवा बैज्ञानिक सम्मेलन तथा व्यवस्थापनका लागि मन्त्रालयका महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न विश्वविद्यालयका विज्ञान विषयका प्राध्यापक प्रतिनिधि, विज्ञान शिक्षक समाजको प्रतिनिधि, मन्त्रालयबाट मनोनित विज्ञान विषय अध्ययनरत युवा विद्यार्थी र सम्बन्धित शाखाको कर्मचारी सम्मिलित कार्यक्रम सञ्चालन तथा सहभागी छनोट समिति गठन गरी कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने,<br><br>-युवा वैज्ञानिक सम्मेलनमा सहभागिताका आवेदन संकलन गरी छनोटका लागि मन्त्रालयको वेभसाइटमा सूचना प्रकाशन गरी सहभागी छनोट समिति मार्फत युवाको सहभागिता गर्ने गराउने,<br><br>-कर्णाली प्रदेशका १६ देखि ४० वर्षका युवाहरुको प्रस्तावको मूल्यांकन गरी सोका आधारमा सहभागिता गराउने,<br><br>- सम्मेलनमा देशभरका युवा बैज्ञानिकहरुलाई आमन्त्रण गर्न सकिने छ तर प्रतिस्पर्धामा भने प्रदेश भित्रका युवा वैज्ञानिकहरूलाई मात्र सहभागी गराईनेछ,<br>- विश्वविद्यालय लगायत विज्ञान तथा आविष्कारको क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग एकल अथवा संयुक्त रुपमा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने,<br>- मन्त्रालयको निर्णयानुसार अन्य कार्यहरु सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि | दोस्रो त्रैमासिक भित्र । |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड , २०८२ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, फोटोहरु । |

### ५. भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार (विधागतरुपमा सबैलाई समेटेर)

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.२५.६२८ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश भाषा र सास्कृतिले धनी छ तर भाषा र संस्कृतिको क्षेत्रमा काम गरेका व्यक्तिहरूको पहिचान हुन नसकिरहेकोले त्यस क्षेत्रमा काम गरी भाषा र संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिहरू र उनीहरूले भाषा र संस्कृतिको क्षेत्रमा गरेका कार्यहरूको पहिचान गरी प्रोत्साहित र सम्मान गर्न सहयोग गर्ने। |
| उद्देश्य | कर्णाली प्रदेशमा रहेका भाषा र संस्कृतिको क्षेत्रमा काम गर्ने व्यक्ति र उनीहरूले गरेका कार्यको पहिचान गरी महत्वपूर्ण कार्य गर्ने व्यक्तिलाई सम्मान सहित कदर गरी प्रोत्साहित गर्ने। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशमा रहेका भाषा र संस्कृतिको क्षेत्रमा काम गर्ने व्यक्ति प्रोत्साहित भई उक्त क्षेत्रमा थप काम गर्ने हौसला प्राप्त भएको हुनेछन् |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार सम्बन्धी कार्यविधि निर्माण गरी सोही अनुरूप कार्यान्वयन गर्ने। |
| सञ्चालन अवधि | दोस्रो, तेस्रो र चौथो त्रैमासिकसम्म। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णयहरू, प्रतिवेदन फोटोहरु |

### ६. प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापन

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.२५.७३५ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश विभिन्न भाषा कला र सास्कृतिले परिपूर्ण प्रदेश हो . यिनीहरूको संरक्षण र |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सम्बर्द्धन गर्नु सरकारको दायित्व भएकोले उक्त भाषा कला संस्कृतिको पहिचान संरक्षण सम्बर्धन विकास गर्न सहयोग गर्ने। |
| उद्देश्य | प्रदेशमा रहेका भाषा कला सास्कृति लगायतको पहिचान गरी संरक्षण सम्बर्धन विकास अभिलेखिकरण गर्न सहयोग गर्ने |
| अपेक्षित प्रतिफल | प्रदेशमा रहेका भाषा कला सास्कृति लगायतको पहिचान भई तिनीहरूको संरक्षण सम्बर्धन विकास अभिलेखिकरणमा सहयोग भएको हुनेछ |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | प्रदेश सरकारबाट स्वीकृत कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन तथा नियमावली अनुरूप कार्यान्वय गर्ने।<br>कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान गठन, कार्यालय स्थापना, सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | ऐन, निर्णयहरू। |

७. **प्रज्ञा प्रतिष्ठानका लागि वाद्यवादन सामग्री सहयोग कार्यक्रम**

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.१३.४६२ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा संगितको माध्यमबाट कला र संस्कृतिको संरक्षण गर्न प्रदेश स्तरमा स्थापना हुने प्रज्ञा प्रतिष्ठानका लागि वाद्यवादन उपकरण/सामग्री सहयोग गरी संगीत कला सस्कृतिको संरक्षणमा सहयोग गर्ने। |
| उद्देश्य | प्रज्ञा प्रतिष्ठानलाई वाद्यवादनका सामाग्री सहयोग गरी प्रतिष्ठान मार्फत कर्णाली प्रदेशमा रहेका संगीत कला संस्कृति परम्परा लागयतको संरक्षण गर्न प्रोत्साहित गर्ने। |
| अपेक्षित प्रतिफल | वाद्यवादनका सामाग्री सहयोग गरी कर्णाली प्रदेशमा रहेका संगीत कला संस्कृति परम्परा लागयतको संरक्षण गर्न प्रोत्साहित गरी संगीत कला परम्परा संस्कृतिको लगायतको संरक्षण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय र प्रदेश प्रज्ञा प्रतिष्ठान |
| सञ्चालन प्रकृया | खरिद गर्नु पर्ने वाद्यवादनका सामग्रीको सूचीका (सम्बन्धित प्रज्ञा प्रतिष्ठानबाट माग गरी |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | वा मन्त्रालयको निर्णयानुसार) सामग्री सार्वजनिक खरिद कानुनको अधिनमा रही सामग्री खरिद गरी प्रदेश प्रज्ञा प्रतिष्ठानलाई हस्तान्तरण गर्ने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो त्रैमासिक भित्र। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, तस्विरहरू। |

**८. खस भाषा व्याकरण र मगर ढुट भाषा व्याकरण प्रकाशन**

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.२५.७१० | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा बोलिने खस भाषा र मगर ढुट भाषाको संरक्षण तथा सम्बर्द्धनका लागि व्याकरण लेखेका लेखकहरुलाई प्रकाशनमा सहयोग गर्न यो कार्यक्रम राखिएको हो । यसले ती भाषाको संरक्षण हुने र प्रकाशकलाई समेत प्रोत्साहन हुने अपेक्षा गरिएको छ । |
| उद्देश्य | खस भाषा र मगर ढुट भाषाको संरक्षणका लागि व्याकरण प्रकाशन गर्नु । |
| अपेक्षित प्रतिफल | खस भाषा र मगर ढुट भाषाका व्याकरणका पुस्तक प्रकाशन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | -खस र मगर ढुट भाषाका दुबै व्याकरण प्रकाशनका लागि विनियोजित रकम आवश्यकतानुसार बाँडफाँट गर्ने।<br>-खस भाषा र मगर ढुट भाषामा व्याकरण लेखेका लेखकहरुबाट व्याकरण प्रकाशनका लागि प्रस्ताव माग गर्ने।<br>-प्राप्त प्रस्तावका आधारमा सार्वजनिक खरिद कानूनको पालना गरी खस भाषा र मगर ढुट भाषामा ब्याकरण प्रकाशन गर्ने । |
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णयहरू प्रतिवेदन |

**शिक्षा विकास निर्देशनालय/सामाजिक विकास कार्यालय अन्तर्गतका क्रियाकलापहरूः**



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

### ९. नवप्रवर्तनमा आधारित युवा रोजगारी तथा उद्यमशिलता प्रवर्द्धनका लागि कार्यक्रम/तालिम

| क्रियाकलाप संकेत: २.७.२५.६७८ | खर्च शिर्षक : २२५२२ |
|---|---|
| परिचय: | युवाहरूमा उद्यमशील सोच, व्यवसाय योजना निर्माण, नवप्रवर्तन, वित्तीय साक्षरता, डिजिटल प्रविधिको उपयोग, बजार व्यवस्थापन तथा उद्यम सञ्चालन सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले"**नवप्रवर्तनमा आधारित युवा रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम/तालिम**"सञ्चालन गर्न प्रस्ताव गरिएको हो। |
| उद्देश्य: | युवामा नवप्रवर्तन,उद्यमशिलता र स्वरोजगारका लागि आवश्यक ज्ञान,सीप तथा व्यवसायिक क्षमता अभिवृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल: | युवामा उद्यमशीलता सम्बन्धी ज्ञान र सीप वृद्धि हुने, व्यवसाय योजना तयार हुने, स्वरोजगार तथा नयाँ उद्यम स्थापना गर्न प्रेरणा र क्षमता विकास हुने। |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया: | -कार्यक्रम कार्यान्वयनको कार्ययोजना निर्माण गर्ने,<br>-तालिमका विषयवस्तु निर्धारण गरी जिल्लाको समन्वय बैठकबाट स्वीकृत गर्ने,<br>-उद्यमशीलता तथा व्यवसाय व्यवस्थापन तालिम, नव प्रवर्तन तथा स्टार्टअप तालिम, व्यवसाय योजना, सीप विकास तालिम, उद्यम स्थापना तथा परामर्श सेवा र बजार तथा वित्तीय संस्थासँग समन्वय गर्ने जस्ता विषयमा तालिम सञ्चालन गर्ने। |
| समया अवधि : | दोश्रो र तेस्रो त्रैमासिक । |
| बजेट बाँडफाट: | PLMBIS अनुसार |
| सन्दर्भ सामाग्री: | -कर्णाली प्रदेश खर्च मापदण्ड , २०८२<br>-प्रचलित ऐन, नियम, कानुन |
| अनुगमन सूचक: | तालिमका सहभागी संख्या,कार्यक्रम सम्पन्न प्रतिवेदन, फोटाहरु । |

**कर्णाली प्रदेश खेलकुद विकास परिषद् अन्तर्गतका क्रियाकलापहरुः**

**१०.दशौ राष्ट्रिय खेलकुद प्रतियोगिता पूर्व तयारी, प्रदेशस्तर**

| कृयाकलाप संकेतः २.७.१४.९३ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | दशौं राष्ट्रिय खेलकुदको तयारी गर्नका लागि यो कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | दशौं राष्ट्रिय खेलकुदको भव्य रूपमा प्रतियोगिता संचालनको तयारी गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३ मा प्रदेश टिम तयारी भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय र कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | परिषद्को बैठकबाट बजेट स्विकृत गराई निम्न शिर्षकहरूमा नियमानुसार कार्यक्रम संचालन गर्ने।<br>- खेलकुद तयारी छलफल बैठक<br>- प्रचार प्रसार<br>- खेलाडी बिमा तथा समान्य स्वास्थ्य उपचार<br>- खेल सामग्री खरिद (जिल्ला, प्रदेश टिम छनौट) तयारी,<br>- प्रदेश स्तरीय प्रतियोगिता संचालन<br>- खेल सामग्री खरिद (बन्द प्रशिक्षण)<br>- बन्द प्रशिक्षण संचालन (खेलाडी तथा प्रशिक्षक र व्यवस्थापक समेत)<br>- खेल पोशाक खरिद (बन्द प्रशिक्षण/प्रतियोगिता/मार्चपास)<br>- कर्मचारी तथा स्वयम सेवक व्यवस्थापन<br>- आवश्यकता अनुसार अन्य विषय |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

**११.दशौं राष्ट्रिय खेलकुद आयोजना**

| कृयाकलाप संकेतः २.७.१४.१४४ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता नेपालको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना र कर्णाली प्रदेश सरकारको सह-आयोजनामा सुर्खेत प्रादेशिक रंगशालामा आयोजना गर्न यो कार्यक्रम रहेको छ । |
| उद्देश्य | दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्नु । |
| अपेक्षित प्रतिफल | दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सुव्यवस्थित र प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | परिषद्को बैठकको निर्णयानुसार बजेट स्विकृत गराई निम्न शिर्षकहरूमा नियमानुसार कार्यक्रम संचालन गर्नेः<br>- प्रशिक्षणका लागि आवश्यक पर्ने उच्च गुणस्तरका खेल सामग्री, पोशाक र औषधिको प्रबन्ध गर्ने।<br>- कर्मचारी तथा स्वयम् सेवको व्यवस्थापन<br>- खेलाडी बिमा तथा समान्य स्वास्थ्य उपचार<br>- प्रशिक्षक तथा खेलाडीहरुको लागि खर्च व्यवस्थापन<br>- प्रशिक्षणको प्रभावकारिता जाँच्न आन्तरिक रूपमा अभ्यास खेलहरू (Match Practice) सञ्चालन गर्ने।<br>- विभिन्न खेल संघहरुसँग समन्वय र सहकार्य गर्ने ।<br>- आवश्यकता अनुसार अन्य विषय |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड,२०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

१२. दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता बन्द प्रशिक्षण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१४.१४३ | खर्च शिर्षकः २२५२२ |
| परिचय | दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजा प्राप्त गर्नका लागि यो बन्द प्रशिक्षण कार्यक्रमको तर्जुमा गरिएको छ । |
| उद्देश्य | खेलाडीहरूको प्राविधिक कौशल, शारीरिक क्षमता र टिम समन्वयलाई उच्चतम विन्दुमा पुर्‍याई दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट एवं कीर्तिमानी प्रदर्शन सुनिश्चित गर्नु। |
| अपेक्षित प्रतिफल | दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३ मा उत्कृष्ट नतिजा प्राप्तिका लागि सघन प्रशिक्षण र सन्तुलित आहारका माध्यमबाट खेलाडीहरूको प्रदर्शनमा सुधार आई राष्ट्रिय स्तरका नयाँ कीर्तिमानहरू कायम हुनु र भविष्यका अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि योग्य, अनुशासित एवं दक्ष खेलाडीहरूको बलियो जग तयार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | परिषद्को बैठकबाट बजेट स्विकृत गराई निम्न शिर्षकहरूमा नियमानुसार कार्यक्रम संचालन गर्नेः<br>- बन्द प्रशिक्षण तयारी छलफल बैठक<br>- खेलकुद तयारी छलफल बैठक<br>- प्रचार प्रसार<br>- खेलाडी बिमा तथा समान्य स्वास्थ्य उपचार<br>- खेल सामग्री खरिद (जिल्ला, प्रदेश टिम छनौट) तयारी,<br>- प्रदेश स्तरीय प्रतियोगिता संचालन<br>- खेल सामग्री खरिद (बन्द प्रशिक्षण)<br>- बन्द प्रशिक्षण संचालन (खेलाडी तथा प्रशिक्षक र व्यवस्थापक समेत)<br>- खेल पोशाक खरिद (बन्द प्रशिक्षण/प्रतियोगिता/मार्चपास)<br>- कर्मचारी व्यवस्थापन |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

१३. खेल रेफ्री तालिम

| कृयाकलाप संकेतः २.७.१४.१४१ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | रेफ्री खेलका नियमहरू (Laws of the Game), खेल भावना, निर्णय प्रक्रिया र खेल मैदान व्यवस्थापनका विषयमा प्राविधिकहरूलाई दिइने एक सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण हो। यस तालिमले स्थानीय तथा राष्ट्रिय स्तरका रेफ्रीहरूको क्षमतालाई परिमार्जित गर्दै नयाँ नियमहरूबारे पुनर्ताजागी गरिन्छ, जसले प्रतियोगितामा आउन सक्ने विवादहरूलाई शून्यमा झार्न मद्दत गर्दछ। |
| उद्देश्य | खेलका परिमार्जित नियमहरूको सघन ज्ञान र प्रविधिमैत्री सीप प्रदान गरी, खेल प्रतियोगिताहरूलाई निष्पक्ष, विवादरहित र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सञ्चालन गर्न सक्ने उच्च मनोबलका रेफ्रीहरू उत्पादन गर्नु । |
| अपेक्षित प्रतिफल | तालिम प्राप्त दक्ष प्राविधिकहरूको उपलब्धता सुनिश्चित भई खेलकुद प्रतियोगिताहरूको निर्णय प्रक्रिया त्रुटिरहित र गुणस्तरीय बन्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलहरू |



तथ्याङ्क अधिकृत   उप-सचिव   प्रदेश सचिव   मा. मन्त्री

| | |
|---|---|
| | सञ्चालन गर्न सक्ने स्थानीय जनशक्तिको बलियो आधार तयार हुनेछ । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | परिषद्को निर्णयानुसार विनियोजित बजेट देहायका शिर्षकहरूमा नियमानुसार परिचालन गर्ने।<br>- रेफ्रि तालिम संचालनका लागि परिषद्बाट कार्ययोजना निर्माण सम्बन्धी तयारी छलफल बैठक<br>- प्रचार प्रसार<br>- दशौं राष्ट्रिय खेलकुदमा समावेश गरिएका खेल विधा (जस्तैः फुटबल, भलिबल, कराँते, एथलेटिक्स आदि) का आधारमा आवश्यक रेफ्रीहरूको संख्या र विधा तय गर्ने।<br>- सम्बन्धित खेलका अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका मुख्य रेफ्री र प्राविधिक विज्ञहरूलाई प्रशिक्षकका रूपमा आमन्त्रण गर्ने।<br>- तालिमका लागि आवश्यक सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्ने । |
| सञ्चालनगर्ने अवधि | प्रथम त्रैमासिक र दोस्रो, तेस्रो त्रैमासिक सम्म। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

१४. पारा खेलकुद प्रतियोगिता तथा तालिम

| कृयाकलाप संकेतः २.६.४.८५ | खर्च शिर्षकः २२५१२ |
|---|---|
| परिचय | पारा खेलकुद प्रतियोगिता तथा तालिम भन्नाले शारीरिक, बौद्धिक, दृष्टिसम्बन्धी वा अन्य प्रकारका अपाङ्गता भएका खेलाडीहरूका लागि सञ्चालन गरिने विशेष खेलकुद र प्रशिक्षण अभियान हो। यस अन्तर्गत ह्विलचेयर बास्केटबल/क्रिकेट, पारा एथलेटिक्स, दृष्टिविहीन क्रिकेट, पारा टेबल टेनिस जस्ता खेलहरू पर्दछन्। यो कार्यक्रमले एकातिर अपाङ्गता भएका व्यक्तिहरूलाई खेलकुदको माध्यमबाट पुनःस्थापना (Rehabilitation) र आत्मबल प्रदान गर्छ भने अर्कोतिर उनीहरूको विशिष्ट खेल प्रतिभालाई पहिचान गरी राष्ट्रिय तथा पारा ओलम्पिक जस्ता अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि तयार पार्दछ। |
| उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरूको खेल प्रतिभालाई पहिचान र प्रवर्द्धन गर्न पारा खेलकुद प्रतियोगितामार्फत उनीहरूको खेल कौशल प्रदर्शन गर्दै समाजमा समावेशी खेल संस्कृतिको |

तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | विकास गर्नु। |
| अपेक्षित प्रतिफल | पारा खेलाडीहरूको शारीरिक तन्दुरुस्ती र प्राविधिक खेल स्तरमा वृद्धि हुनु, राष्ट्रिय खेलकुदमा अपाङ्गता भएका खेलाडीहरूको व्यापक र अर्थपूर्ण सहभागिता सुनिश्चित हुनु र भविष्यका अन्तर्राष्ट्रिय पारा खेलकुदहरूका लागि पदक विजेता खेलाडीहरूको मजबुत टोली तयार हुनेछ । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | - कर्णाली प्रदेशका खेलप्रति रुचि भएका र प्रतिभा भएका अपाङ्गता भएका व्यक्तिहरूको लगत संकलनका पत्राचार गर्ने।<br>- पारा खेलकुदसँग सम्बन्धित व्यक्तिहरुलाई खेलकुद प्रति उत्साहित र जागरुकता प्रदान गर्नका लागि पारा ओलम्पिक खेल संघसँग समन्वय गरी खेलकुद गतिविधि संचालन गर्ने। |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

१५. खेलकुद सिप विकास तालिम

| कृयाकलाप संकेतः २.६.४.८४ | खर्च शिर्षकः २२५१२ |
|---|---|
| परिचय | खेलकुद सीप विकास तालिम भन्नाले खेलाडीहरूको प्राविधिक क्षमता (Technical Skills), रणनीतिक चातुर्यता (Tactical Skills) र शारीरिक तथा मानसिक सबलतालाई तिखार्न सञ्चालन गरिने एक विशेष र केन्द्रिकृत शिक्षण प्रक्रिया हो। यो सामान्य तन्दुरुस्ती (Fitness) भन्दा माथि उठेर सम्बन्धित खेल विधाको विशिष्ट सीप (जस्तैः फुटबलमा पासिङ र ड्रिब्लिङ, क्रिकेटमा ब्याटिङ प्रविधि, एथलेटिक्समा दौडने वैज्ञानिक शैली) मा केन्द्रित हुन्छ। |
| उद्देश्य | खेलाडीहरूलाई आधुनिक खेलकुद विज्ञान र परिमार्जित प्रविधिमा आधारित विशिष्ट सीपहरू प्रदान गरी उनीहरूको प्राविधिक प्रदर्शनको स्तर बढाउनु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | प्रतियोगिताहरूमा पदक जित्न सक्ने योग्य खेलाडी तयार पार्नु। |
| अपेक्षित प्रतिफल | खेलकुद सीप विकास सम्बन्धी तालिम संचालन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • परिषद्ले विनियोजित बजेट परिचालनका लागि कार्ययोजना तर्जुमा गर्ने ।<br>- विधागत खेलका लागि खेलाडीहरु छनोट परिषद्मार्फत पत्राचार गर्ने<br>- विभिन्न खेल संघहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने । |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

१६. विभिन्न खेलका लागि प्रशिक्षक प्रशिक्षण तालिम

| कृयाकलाप संकेतः २.६.४.८३ | खर्च शिर्षकः २२५१२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा विभिन्न खेलकुदका खेलाडीहरु उत्पादन गर्न प्रशिक्षकहरुको आवश्यकता रहेकोले प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विभिन्न खेलकुदका खेलाडीहरु उत्पादन गर्न प्रशिक्षकलाइ तालिम प्रदान गरी गुणस्तरिय प्रशिक्षक उत्पादन गर्नु । |
| अपेक्षित प्रतिफल | विभिन्न खेलकुदका खेलाडीहरु उत्पादन गर्न प्रशिक्षकलाइ तालिम प्रदान गरी गुणस्तरिय प्रशिक्षक उत्पादन गर्ने । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | - परिषद्ले विनियोजित बजेट परिचालनका लागि कार्ययोजना तर्जुमा गर्ने ।<br>- विधागत खेलका लागि प्रशिक्षकहरु छनोटल गर्न परिषद्मार्फत पत्राचार गर्ने<br>- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकतामा रहेका खेल विधाहरू (जस्तैः एथलेटिक्स, मार्सल आर्ट्स, फुटबल, क्रिकेट आदि) तय गर्ने र जिल्ला वा प्रदेश स्तरमा कार्यरत प्रशिक्षक वा सिनियर खेलाडीहरूबाट योग्य सहभागी छनोट गर्ने। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | - प्रशिक्षकहरूलाई मैदानमै लगेर नयाँ 'ड्रिल्स' (Drills), कौशल प्रदर्शन (Skill Demonstration), र चोटपटक रोकथामका उपायहरूको प्रयोगात्मक अभ्यास गराउने।<br>- खेलाडीहरूसँग प्रभावकारी सञ्चार गर्ने, उनीहरूलाई उत्प्रेरित गर्ने र फरक-फरक क्षमता भएका खेलाडीहरूलाई सिकाउने कला (Pedagogy) को अभ्यास गराउने।<br>- प्रत्येक सहभागी प्रशिक्षकलाई एक समूहको नेतृत्व दिएर नक्कली खेलाडीहरूलाई प्रशिक्षण दिन लगाउने र उनीहरूको सिकाउने शैलीको मूल्यांकन गर्ने।<br>- परीक्षा र मूल्यांकनमा उत्तीर्ण भएका प्रशिक्षकहरूलाई स्तर वा श्रेणी (Category/Grade) अनुसारको आधिकारिक प्रशिक्षण प्रमाणपत्र प्रदान गर्ने।<br>- तालिमका लागि आवश्यक सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्ने । |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

१७. साहसिक खेलकुद कार्यक्रम

| कृयाकलाप संकेतः २.७.१४.१३३ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | साहसिक खेलकुद कार्यक्रम भन्नाले प्राकृतिक वातावरणमा खेलिने उच्च जोखिम, रोमाञ्चकता, र शारीरिक-मानसिक दृढता आवश्यक पर्ने खेलहरूको प्रवर्द्धन र आयोजना गर्ने अभियान हो। यस अन्तर्गत र्‍याफ्टिङ (Rafting), प्याराग्लाइडिङ (Paragliding), अल्ट्रा म्याराथन/ट्रेकिङ (Ultra Marathon/Trail Running) जस्ता खेलहरू पर्दछन्। यो कार्यक्रमले प्राकृतिक स्रोतसाधनको उपयोग गर्दै परम्परागत खेलकुद भन्दा फरक विधामा नेपालको अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न र खेल पर्यटन (Sports Tourism) को विकास गर्न मुख्य भूमिका खेल्दछ। |
| उद्देश्य | कर्णाली प्रदेशको विशिष्ट प्राकृतिक र भौगोलिक बनावटको उपयोग गरी साहसिक खेलकुदका सम्भाव्य स्थलहरूको पहिचान, प्रवर्द्धन र व्यावसायिक आयोजनामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका साहसिक खेलाडीहरू उत्पादन गर्नु र खेल पर्यटनको विकास गर्नु। |
| अपेक्षित प्रतिफल | साहसिक खेलकुदका नयाँ गन्तव्यहरू (विशेष गरी कर्णालीका नदी, पहाड र पदमार्गहरू) को पहिचान तथा नक्साङ्कन हुनु, उच्च साहसिक विधामा प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | र गाइडहरूको विकास हुनु, र स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना भई आर्थिक समृद्धिमा टेवा पुर्याउनु हुनेछ । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | - परिषद्ले विनियोजित बजेट परिचालनका लागि कार्ययोजना तर्जुमा गर्ने ।<br>- विभिन्न सहासिक खेलकुद संघहरुसँग प्रतियोगिता संचालनका लागि परिषद् मार्फत १५ दिने सूचना प्रकाशित गरी प्रस्ताव माग गर्ने । उक्त प्रस्तावित प्रस्तावहरुमध्ये उत्कृष्ट प्रस्ताव पेश गर्ने संघसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने । |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

**१८. कर्णाली क्रिकेट लिग प्रतियोगिता**

| कृयाकलाप संकेतः २.७.१४.१३० | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | नेपालमा क्रिकेट खेलप्रति बढ्दो क्रेज र कर्णाली प्रदेशमा निर्मित अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार (कर्णाली प्रदेश रंगशाला, सुर्खेत) लाई सदुपयोग गर्दै यस क्षेत्रबाट उत्कृष्ट क्रिकेट प्रतिभा पहिचान गर्न यो प्रतियोगिता एक कोसेढुङ्गा साबित हुन सक्छ । |
| उद्देश्य | "कर्णाली प्रदेशका कुना-काप्चामा रहेका प्रतिभावान क्रिकेट खेलाडीहरूको पहिचान गरी उनीहरूलाई व्यावसायिक मञ्च प्रदान गर्नु र नवनिर्मित प्रादेशिक खेल पूर्वाधारको उच्चतम् उपयोग गर्दै यस क्षेत्रलाई देशकै प्रमुख क्रिकेट हबका रूपमा विकास गर्नु।" |
| अपेक्षित प्रतिफल | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्रतिभावान खेलाडीहरूको पहिचान र विकास हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • परिषद्ले विनियोजित बजेटको परिधि भित्र रही कार्यान्वयनयोग्य कार्ययोजना निर्माण गर्ने ।<br>• कर्णाली प्रदेशका १० वटै जिल्लाका खेलाडीहरुको सहभागितामा क्रिकेट लिग प्रतियोगिता संचालन गर्ने । |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | • प्रतियोगिता संचालन गर्न उच्च गुणस्तरका खेल सामग्री, पोशाक र औषधिको प्रबन्ध गर्ने।<br>• कर्मचारी तथा स्वयम् सेवको व्यवस्थापन<br>• खेलाडी बिमा तथा समान्य स्वास्थ्य उपचार<br>• निर्णायक तथा खेलाडीहरुको लागि खर्च व्यवस्थापन<br>• क्रिकेट खेल संघहरुसँग समन्वय र सहकार्यको माध्यमबाट प्रतियोगिता संचालन गर्ने<br>• अन्य आवश्यक विषय । |
| सञ्चालनगर्ने अवधि | प्रथम, दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड,२०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

## १९. रारा गोल्डकप फुटबल प्रतियोगिता

| कृयाकलाप संकेतः २.७.१४.१२९ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | रारा गोल्डकप मुख्यतः कर्णाली प्रदेशको खेलकुद विकास, स्थानीय प्रतिभाको खोजी र **खेल पर्यटन (Sports Tourism)** लाई बढावा दिने उद्देश्यले मुगु वा आसपासका क्षेत्रमा आयोजना गरिने प्रतिष्ठित फुटबल प्रतियोगिता हो। विकट भूगोलमा पनि खेलकुदको माध्यमबाट राष्ट्रिय मूलधारसँग जोडिने र रारा तालको प्राकृतिक सुन्दरतालाई विश्वमाझ चिनाउने यो एउटा उत्कृष्ट माध्यम हो। |
| उद्देश्य | कर्णाली प्रदेश र देशकै कुना-काप्चामा रहेका फुटबल खेलाडीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने उत्कृष्ट मञ्च प्रदान गर्नुका साथै रारा ताल र कर्णाली क्षेत्रको प्राकृतिक सौन्दर्यलाई खेलकुदसँग जोडेर आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्नु। |
| अपेक्षित प्रतिफल | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्रतिभावान खेलाडीहरूको पहिचान र विकास हुनेछ । प्रतियोगिता अवधिभर खेलाडी, अफिसियल र दर्शकहरूको आवतजावतले स्थानीय होटल, यातायात, र साना व्यवसायीहरूको आम्दानीमा वृद्धि हुनेछ । मिडिया र सामाजिक सञ्जालमा हुने प्रचार-प्रसारले कर्णालीको भूगोल, संस्कृति र आतिथ्यताको सकारात्मक सन्देश राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुग्नेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • परिषद्को निर्णयानुसार विनियोजित बजेटको परिधि भित्र रही कार्यान्वयनयोग्य कार्ययोजना सहित खर्च बाँडफाँड गर्ने ।<br>• परिषद्को सहभागितामा एक मूल आयोजक समिति र आर्थिक, प्रचार-प्रसार, प्राविधिक जस्ता उप-समितिहरू गठन गरिन्छ।<br>• कर्णाली प्रदेशका १० वटै जिल्लाका खेलाडीहरुको सहभागितामा रारा गोल्डकप फुटबल प्रतियोगिता संचालन गर्ने ।<br>• प्रतियोगिता संचालन गर्न उच्च गुणस्तरका खेल सामग्री, पोशाक र औषधिको प्रबन्ध गर्ने।<br>• विजेता र उपविजेता टिमलाई नगद पुरस्कार, ट्रफी र मेडल प्रदान गरिने। साथै उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई विधागत पुरस्कार प्रदान गर्ने।<br>• कर्मचारी तथा स्वयम् सेवकको व्यवस्थापन<br>• खेलाडी बिमा तथा समान्य स्वास्थ्य उपचार<br>• निर्णायक तथा खेलाडीहरुको लागि खर्च व्यवस्थापन<br>• फुटबल खेल संघहरुसँग समन्वय र सहकार्यको माध्यमबाट प्रतियोगिता संचालन गर्ने ।<br>• अन्य आवश्यक विषय । |
| सञ्चालनगर्ने अवधि | दोस्रो, तेस्रो र चौथो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

## २०. खेलकुद संघ तथा संस्थालाई व्यवस्थापन खर्च

| कृयाकलाप संकेतः २.७.१४.१३१ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | खेलकुद संघ तथा संस्थाको **व्यवस्थापन खर्च** भन्नाले संस्थाको दैनिक प्रशासनिक कार्य, कार्यालय सञ्चालन, कर्मचारीहरूको पारिश्रमिक र संगठनात्मक संरचनालाई जीवन्त राख्न गरिने नियमित वित्तीय खर्चलाई बुझाउँछ। यस अन्तर्गत कार्यालय संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामग्री पर्दछन्। |
| उद्देश्य | खेलकुद संघको कार्यालयलाई दैनिक रूपमा चुस्त र सक्रिय बनाई संस्थाको प्रशासनिक निरन्तरता कायम राख्नु। |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | खेलकुद संघहरु ब्यवस्थित रुपमा संचालन भएका हुनेछन्। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • सम्बन्धित खेलकुद संघहरुसँग माग संकलन गरी प्रदेश खेलकुद विकास परिषद्बाट आवश्यक सामग्री खरिद गर्ने ।<br>• खरिद भएका सामग्रीहरु सम्बन्धित संघहरुलाई वितरण गर्ने ।<br>• अन्य आवश्यक विषय । |
| सञ्चालन गर्ने अवधि | प्रथम¸ दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ |
| अनुगमन सूचक | परिषद्को निर्णय, बिल तथा खेल संघहरुको माग पत्र । |

**१२.प्रदेश रंगशाला संचालन तथा व्यवस्थापन**

| कृयाकलाप संकेतः २.७.१४.९१ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशको एक मात्र गौरवको आयोजना प्रदेश रंगशाला निर्माण सम्पन्न पश्चात रंगशालाको संचालन तथा संरक्षणका लागि आवश्यक व्यवस्थापन र परिचालन गर्ने कार्यका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | रंगशालालाई सञ्चालन तथा व्यवस्थित गर्नु। |
| अपेक्षित प्रतिफल | रंगशाला ब्यवस्थित रुपमा संचालन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • प्रदेश रंगशालाको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापनका लागि कार्यक्रमहरु पहिचान गर्ने ।<br>• निर्णय भएका कार्यक्रमहरु प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्ने ।<br>• अन्य आवश्यक विषय । |
| सञ्चालन गर्ने अवधि | प्रथम¸ दोस्रो र तेस्रो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड, |



तथ्याङ्क अधिकृत उप-सचिव प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | २०८२ |
| अनुगमन सूचक | निर्णय, विल भरपाई तथा फोटोहरु । |

२१. **जिल्ला खेलकुद समिति संचालन तथा व्यवस्थापन (१० वटै जिल्ला)**

| कृयाकलाप संकेतः २.७.१४.८९ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशका खेलकुद विकास परिषद्को मातहतमा रहेका दश वटै जिल्ला खेलकुद विकास समितिका नियमित संचालन तथा कार्यालय व्यवस्थापन गर्नका लागि यो कार्यक्रम तय गरिएको हो । |
